S. U. M. I. under Kalimpong Schools Sports Association, had the main say and hand in organising the Gandhi Centenary School Sports which was held with due pomp on Mela Ground on Oct. 2nd 1969 with Gandhi Centenary Celebration Committee providing the expenses. It is rather an out of season business to our athletes but our boys came up with some praiseworthy performances. Nima Tshering VI won the Junior Boys Championship and his performance alone was sufficient to place our Institution top in Junior Boys Division. We were second in Senior Boys Division with Karma Tshering X doing very well in sprints. Our high jumping hope Bhupendra did not do as expected, but Suren, Mukesh and Renu Narayan did their parts well. After the Sports, there was a display programme in which our contribution alongwith two tribal dances was a mass drill of over one thousand pupils of the Institution. We are proud to say that it became the star-attraction of the day. A lot of time and energy was devoted and the labours of our young members of the staff were not lost.

While concluding, I would like to thank all our patrons, well wishers, friends and old boys for the whole hearted cooperation and support they usually offer to run this big show.

P. S. SIMICK,
Games Secretary

SCHOOL NOTES

On 5th. of February, 1969 the ancient school bell pealed forth heralding 1969, academic session. Relaxation in promotion rules due to 1968 slide disaster resulted in greater pass percentage. This coupled with unabated rush for admission was a headache for school management. Fresh lot of furniture had to be hurriedly made for freshers.

The middle of February saw the school settled down for the year's work ahead.

School Foundation/Prize Day (29th. March)

March was the month of hectic school preparation for School Foundation and Prize Day celebrations as well as boys participation in usual Janata College festivals.

Shri S. N. Roy, S. D. O., Kalimpong presided over the School Foundation/Prize Day function and Shrimati Roy gave away the Prizes. The Day was full of fun and fare but was at the same time a day of rededication to the great cause of learning.

Physical Efficiency Test :—

During this month, the school sports committee had a busy time undertaking Physical efficiency test.

Farewells/Visits :—

The month of April/May were the months of farewells and visits. Mr. T. Brunton and family were bidden farewell by the members of the Staff and students on 3rd. April, 1969. It was a sad day for all of us for in Mr. Brunton the school was missing a real teacher. His helpful and inspiring association with the youths of this area will long be remembered.

On 9th. May the school bade farewell to Shri P. Mishra who finally retired from active service on 31st. December, 1969.

Shri S. Sanyal, District Inspector of Schools, Darjeeling paid us a visit on 12th, April. His periodical visits to the school have always been very helpful.

Rev. S. Strafford, Secretary, N.E.I.C.C. paid us a visit on 27th. April. He met the members of the staff and students and was pleased to see the school going ahead.

Higher Secondary Results :—

H. S. result this year was very encouraging with over all pass percentage of 81%. S. U. M. I. claimed the only 1st. Division in the entire sub-division.

Co-Curricular Activities :—

In the field of co-curricular activities the school is not lagging behind. The school soccer XI, pet of Kalimpong fans, trounced the coveted Independence Shield by defeating the vaunted Sikkim Guards by 4-0. It was a splendid victory and we are proud of it.

Inter-House debate competition was both enjoyable and educative. Sutherland House topped the list and snatched away the coveted debate championship Cup.

Arjun Singh Gurung, School N.C.C. Sergent was selected to undergo advanced leadership training course in Nainital. He successfully completed the course and won merit certificates. The School N.C.C. Troops have always been of great help in all school and public functions.

The school took a leading part in Gandhi Centenary School Sports meet on 2nd. October. It was a sight to see our athlets keeping the school colours flying. Mass Drill performed by more than eight hundred boys of Secondary section left the audience clapping. It was really a lovely sight to see rows

of black and whites performing drill items in perfect unison.

Gandhi Centenary year was celebrated by the school by actively participating in Town cleaning programme, social works, visit to Harijan colony and talks by teachers on teachings of Gandhijee.

Dambar Mothey, School Captain topped the list in Essay competition on Life and Teachings of Gandhijee organised by Gandhi Centenary Committee, Kalimpong. He was also declared the best speaker in Inter-School debate competition organised by Students Union, Kalimpong.

Plantation :—

The school planted about 500 fir tree saplings and 2000 mulberry cuttings within its campus.

Hiking :—

During summer holidays fifty senior students in four batches took a hiking trip to Darjeeling and back. I am sure it was an experience for these youngsters.

Scouting/Cubbing :—

2nd. Kalimpong troop was revived and now the school has sent troop with 50 scouts and cub pack of 100.

Construction :—

Shri R.T. Ali organised, repair, restoration and extension of Carmichael and Mission play grounds under work-cum-food scheme under Bharat Sevak Samaj. Our hostellers fully participated in this project. Now the play grounds are wider and better.

Electrification :—

This year seven class rooms including school hall have been electrified. This have made it possible for us to hold evening tutorial classes (B. A., B. Com., P.U.C. & S. F.) and also evening study classes for Hostellers.

Staffing :—

Shri K. C. Gupta, B.Sc (Trained) joined the school in May 1969. Shri S.K. Pathak and Shri Pemba Tshering Bhutia are retained till 31st. December, 1969. Shri Bishnuprasad Sharma helped us as a part time Sanskrit teacher for two months.

Under changed circumstances the school is facing quite a number of peculiar problems. It's a pity to see unscrupulous elements forcibly occupying school land and quarters forgetting that they by their such actions are depriving genuine cases of their legitimate rights. The question of reconstitution of Managing Committee pose another problem. It's only time that will show where actually we stand, till then we resolve to go ahead with faith and prayer for better educational service to the people.

The Headmaster with the Bharat Scouts (SUMI)

Put it there. No, the left paw, please!

Muscle builders →

The Carmichael Ground-extension work.

Mr. P. R. Pradhan, the Headmaster, lending a hand.

Another section with the Craft-teacher Mr. T. S. Panlook.

सुमाइट

कालिम्पोङ

१९६०

आह्वान

प्रिय बन्धुहरू हो ! लौ अब आऊ
म माथि बस तर शिक्षा लिएर जाऊ
आह्वान गर्छु, चाबी दिन्छु मानव विवेक तालाको ।
म हुँ एउटा काठको डेस्क यो पाठशालाको ॥

प्रिय छात्रहरू हो ! गर परिश्रम लौ अब ।
जब सफल हुन्छौ तिमीहरू म खुशी हुनेछु तब ।
आह्वान गर्छु, कर्त्तव्य पथमा अघि बढ़ भन्छु सबैलाई ।
कालिम्पोङ भरिमा बुढो मैं हुँ एम० यू० एम० आई० ॥

भविष्य पथमा भयकर समस्याहरू आइलाग्नेछन् ।
शिक्षाको हतियार लिएर बढ़, समस्याहरू लोप हुनेछन् ॥
आह्वान गर्छेन्, एकताको मंत्र सिकाउँछन् हामीलाई गर्वले ।
'सत्य पथ देखाउँछन्, हामीलाई एम० यू० एम० का शिक्षकवर्गले ॥

सदैव हामीलाई सूचना दिन्छ समयको मोल बुझाई ।
समयमा खेल, समयमा पढ़ भन्दछ, अनौठो राग सुनाई ॥
आह्वान गर्छ, समय नफाल सित्तैमा तिमीले ।
बारम्बार हामीलाई सूचना दिन्छ एम० यू० एम० को घण्टीले ।

● ● ●

गाँधीजीको जीवन र कार्य

उम्बर मोथे, [स्कूल क्याप्टन], एघारौं श्रेणी (विज्ञान)।

[कालिम्पोंग महकुमा गाँधी शतवार्षिकी उत्सव समितिद्वारा आयोजित 'गाँधीजीको जीवन र कार्य' शीर्षक निबन्ध प्रतियोगिता नेपाली विभागमा पहिलो स्थान प्राप्त।]

कठियावाड़ प्रान्त अन्तर्गत पोरबन्दर भन्ने जग्गामा जन्मेका थिए गाँधीजी सन् १८६९ सालको २ अक्टोबरको दिन। महात्माको गहनाले सिंगारिइनु भन्दा पहिले उनको नाम थियो मोहनदास करमचन्द गाँधी। उनका पिता थिए दीवान श्री कर्मचन्द गाँधी अनि माता थिइन् पुतलीबाई। उनी सानै उमेरदेखि आफ्ना माता-पिताका परमभक्त थिए साथै पूजारी थिए सत्य र अहिंसाका। बचपनमा उनी अलिक लज्जालु र स्वभावका थिए। त्यस समयको भारतीय परम्पराअनुसार १३ वर्षको किशोरावस्थामै उनको विवाह सम्पन्न भएथ्यो एक प्रतिष्ठित् घरानाकी कन्या कस्तुराबाईसित।

उनको प्रारम्भिक शिक्षा शुरू भयो उनकै जन्मस्थान पोरबन्दरमा। सन् १८८७ ई० मा उनीले मेट्रिक गरी भर्ना भए भावनगर कलेजमा। लगतै एक वर्ष पछि १८८८ सालमा ब्यारिष्ट्री पढ़न वेलायत प्रस्थान गरे, उनकी अति धार्मिक र साधु प्रकृतिकी माताले गर्न लाएको तीनवटा प्रतिज्ञाहरू—(१) मासु नखाने (२) स्त्रीको संगत नगर्ने र (३) रक्सी नपिउने—को साङ्लोमा बाँधिएर। वेलायतको कलेजियन जीवन यिनै प्रतिज्ञाहरूको परिधिभित्र अति पवित्रताका साथ बिताए गाँधीजीले। उनको शरीर र स्वस्थलाई हेरेर डा० मेहेताले 'तिमीले मासु खानै पर्छ' भन्दा उनको प्रतिज्ञानिष्ट आत्मा यसरी बोलेथ्यो—'प्रतिज्ञा प्रतिज्ञा नै हो, यो कसै गरेर पनि भंग हुन सक्तैन।' बेलायतमा रहुञ्जेल उनको प्रतिज्ञाको डोरी चुँड़ाल्ने धेरै जटिल परिस्थिति उभिए तर यो सबलाई आत्मिक शक्तिको आगो-भित्र होमिदिँदै आफ्नो उद्देश्य र लक्ष्यलाई पूर्ण गराएर उनी स्वदेश फर्के।

स्वदेश फर्केर गाँधीजीले बम्बईमा वकालती शुरू गरे तर यसमा उनले सफलता पाउन सकेनन् र अफ्रिका जानुपऱ्यो। अफ्रिकामा भएका भारतीय नर-नारीहरूको दुर्दशा ज्ञात हुनासाथ उनीहरूको रक्षा खातिर शक्तिशाली सत्याग्रह आन्दोलन मच्चाए। सत्याग्रह संग्राम सफल भयो र अफ्रिकाका सयकड़ौं भारतीयहरूको रक्षा भयो।

२०० वर्षसम्म अंग्रेजहरूले दलेको, अत्याचार गरेको र शोषको भारतवर्षमा फर्केर यसलाई मुक्त गराउनमा सत्याग्रह आन्दोलन शुरू गरे उनले। यो सत्याग्रह आन्दोलनको प्रभाव देशका सारा जनतामाथि पऱ्यो र काँग्रेसका मुख्य कर्णधार बन्न गए गाँधीजी। भारतीय स्वतन्त्रताको संग्राम उनको नेतृत्वमा चल्यो। सन् १९१९ र १९२० को सत्याग्रह संग्रामका अगुवा उनी थिए। सन् १९३० को देशव्यापी सत्याग्रहको बागडोर उनले आफ्नो हातमा लिए अनि कुशलतापूर्वक संभाले। 'भारत-छोड़ो'-को नारा चल्यो सन् १९४२ सालमा। अंग्रेज सरकारले दलका नेताहरूलाई जेलखानामा थुन्यो, गाँधीजी पनि थुनिए। यसो हुँदा देशका सारा जनताको स्थिति बिग्रियो र आन्दोलनले उग्ररूप धारण गऱ्यो। कसै गरेर पनि अंग्रेज सरकारले गाँधीजीको नेतृत्वमा गुज्रायमान भएको स्वतन्त्रता-को आवाजहरूलाई दमन गर्न सकेन। अंग्रेज-हरूको विरुद्ध लड़ने गाँधीजीको मुख्य हतियार थिए सत्य, प्रेम र सेवा। अहिंसाका पूजारी

भएर पनि कायरता र हिंसामा हिंसानै रोज्थे। उनी भन्थे—'कायरताले मानिसको व्यक्तित्वलाई नाश गर्छ, उसलाई खान्छ पनि। यसबाट गाँधीजीको निर्भयता झल्कन्छ। अन्तमा १९४७ सालको १५ अगस्टको दिन भारतभूमिले स्वतन्त्रता पायो।

गाँधीजीको त्याग र तपस्या सत्य र अहिंसामा आधारित थियो र नै उनको सपना र कल्पना साकार हुन सक्यो। उनको सिद्धान्तमा सत्यको गहनता बेजोड़ थियो। मानिसले उनको पाउ पर्दैमा उनी भन्थे—'मलाई होइन, मेरो सिद्धान्तलाई पुज।' उनी अत्यन्त धार्मिक व्यक्ति थिए। अरू धर्मलाई कहिले उनले झूटो ठानेनन् तर आफ्नो धर्ममा पनि उनी अटल रहे। उनका सम्पत्ति मध्ये गीता मुख्य थियो औ गीताले उनलाई विशेष प्रभाव पनि पारेको थियो। जन्मैदेखि धार्मिक प्रवृत्ति भएका गाँधीजी भन्थे—'हामीहरू एउटै ईश्वरका भक्त हौं उसलाई हामी विभिन्न नामद्वारा पुज्दछौं। यसकारण हामीले हाम्रो आवश्यक एकतालाई बुझ्नुपछ औ अस्पृश्यता तथा मानवजाति बीच ऊँच औ नीचको भावनालाई त्यागिदिनुपर्दछ।'

दरिद्र र पददलित जनताको सेवा गर्नु ईश्वरको भक्ति गर्नु जत्तिकै प्रिय लाग्थ्यो गाँधीजीलाई। यसो र उनले आफ्नो जीवनभर गरीब दुखीहरूको सेवा गरे। अछूतीहरूलाई उनी हरिजन भन्थे अनि यी अछूतीहरूका उद्धारकका रूपमा उनलाई कबीरसित दाँज्न सकिन्छ। हिन्दी भाषाको प्रचार र उत्थानमा पनि गाँधीजीको स्थान महत्वपूर्ण छ। आफ्नो राष्ट्रभाषा र राजभाषालाई उच्चतातिर बढ़ाउन उनले उत्साहपूर्वक काम गरे। गाँधीजी अथक परिश्रमी थिए र उनले जीवनभर असाध्य परिश्रम गरे।

उनले नारीलाई कहिले पनि पुरुषदेखि अलग राख्नु पर्छ भनेनन्। उनी भन्थे—'नारी पुरुषकी सहचरी हुन्। तिनीसित पुरुषकै समान [illegible] शक्ति छ। पुरुषको प्रत्येक कार्यमा भाग लिने तिनको अधिकार छ औ तिनले उसकै समान स्वाधीनता तथा स्वतन्त्रता सम्बन्धी अधिकार उपभोग गर्छिन्। पुरुषले जे आफ्नो [illegible] अधिकार तिनले पाउनु पर्दछ।' यसर्थ नारीलाई कहिल्यै कमजोर सम्झेनन् उनले।

ज्ञान र अज्ञानताले छुट्याउने उनको योग्यता प्रबल थियो। भन्थे—अज्ञानताले मोह औ स्वार्थकी जननी हो, त्यसकारण अज्ञानीहरूनै दुष्ट औ कायर हुन्छन्।' उनको मन खुल्ला र धार्मिक थियो। 'पापलाई घृणा गर, पापीलाई होइन—' भन्थे—'घृणाद्वारा घृणामाथि कदापि विजय प्राप्त गर्न सकिँदैन, प्रेमले घृणालाई जित्न सकिन्छ, यहीनै सनातन नियम हो।' गाँधीजी सत्य र अहिंसाका पूजारी थिए। अहिंसात्मक दृष्टिकोणबाट हेर्दा उनलाई बुद्धको अनुज भने हुन्छ। प्राणी प्रति उनको सहानुभूति र समवेदना असीम थियो। झूठको कट्टर विरोधी थिए। उनलाई जस्तै नपराउनेहरू प्रति पनि उनको प्रेम उत्तिकै थियो।

तर...अहिंसाका पूजारी शान्तिवादी गाँधीभूमि मै जन्मेको नाथुराम गोड्सेको पिस्तोलबाट हिंसाको भावनामा रूमलिएको गोली छुट्यो सन् १९४८ सालको एक बेलुकी र गाँधीजी मारिए। उनी मरे यसरी सारा भारतवासीहरूको व्यक्तित्वलाई जगाएर। उनले आफूलाई कहिले ठूला सम्झेनन् किनकि भन्थे—'सारा जगत्ले धूलोलाई कुल्चिन्छ तर सत्यका पूजारीले ता आफूलाई यति तुच्छ बनाउनु पर्छ जसमा धूलोले पनि कुल्चिन सकोस् तब मात्र सत्यको झलक पाइन्छ।'

कल्ली

बेनु प्रशाद शर्मा, एघारौं श्रेणी ' कला '

त्यो गाउँमा दिनमै पनि त्यति कोलाहल हुँदैन त्यसमाथि त्यो रात त कालो च्यादर ओढ़ाएर सुताएको मुर्दा झै लम्सार परिरहेथ्यो सम्पूर्ण मानिसहरू दिनभरीको क्लान्त शरीरले तीतो संसारलाई छाड़ेर सपनाको दुनियाँमा विचरण गरिरहेका थिए । के धनी, के गरीब, के सुखी, के दुःखी, के साहु, के आसामी सबका सबलाई प्रकृतिको यो अमूल्य वरदान समान रूपले प्राप्त थियो । कसैलाई त्यस बेला भोलिको चिन्ता थिएन, पर्सिको सुर्ता थिएन ।

त्यही गाउँको एउटा सानो पराले झुप्रो-भित्र तीन जना प्राणीहरू सुतिरहेका थिए । अन्धकारले झुप्रो र महलको वैमनस्य मेटाइदिएको थियो ता पनि भित्र अगेनामा धिप-धिप बल्दै गरेको आगाले आफ्नो असन्तलित प्रकाशका एक एक वस्तुको झल्को दिन्थ्यो, ती तीन जनामध्ये एउटी बूढ़ी पचास साठ वर्ष पुगेकी, कपाल फुलेकी, आँठ अलिकति भित्र पसेको कारण दुइ-चारवटा अघिल्ला दाँत झरेका गाला र निधार चाउरी परेकी थिई । अलिक पर एक कुनामा दुइ ठिटा-ठिटी गुन्द्री माथि राड़ी ओछ्याएर सुतेका थिए । ठिटो बौस वर्ष पुगेको बलियो,जुँघा पलाएको, अलि अलि दारी उखेलेर चिल्लो पारेको गाला । हातको सिरान लाएर निदाउने प्रयास गरिरहेको थियो । उ बेला बेलामा कोल्टे यताउता फर्कन्थ्यो । त्यसैको छेउमा अड़कलमा अठार वर्षकी सांवलो वर्णकी, पातली अनि चटक मिलेकी ठिटी केही चालचूल नगरी सुतिरहेकी थिई । उसको सास फेराइले निदाइसकेको भान हुन्थ्यो ।

बलगर्दा पनि नींद नआउने बुझेर चन्द्रेले बिस्तारै स्वास्नीलाई कोट्यायो, 'ए....ए.... निदाईस् ? के चाँडो निद्रा लागेको कसैलाई चाहिँ ।" पूर्नीले निद्राले भरिएको स्वरमा जवाब दिई, के कचकच गरेको । मान्छे गलेर भुतुक्क भाको छ ।"

"म गलेको छैन नि ? कि म दिनभरी सुतेको भन्ठान्छेस् ?

"कुन्नि है ।"

चन्द्रेले के थाहा पायो भने कुरा अर्कैतिर बटारिन लागेछ यस पारालै काम बन्दैन भनी बुझेर प्रसंग बदल्दै गम्भीर भएर भन्यो, गलेकी त छस् नै, तर एकछिन बात मार्न मन लागेर पो त ।

दिउँसो तेतिकै हो कहिले कामले भ्याईदैन राती पनि यतिखेर मात्र मौका पर्छ अनि.... ।"

के साह्रो बोलेको ! बजूले सुन्ला, पूर्नीले सचेत गराई । "सुन्छ ! अघिनै तीनभुड़ी देखिसक्यो च्वारच्वार ।"

पूर्नीमा हाँसी खिसिक्क अनि चन्द्रे बिस्तारै "हिः हिः ।"

आफ्ना कुरालेले स्वास्नी माथि प्रभाव परेको देखेर चन्द्रे खुसीले फुल्यो ! यसभन्दा अर्को राम्रो मौका आउँदैन भनेर उसले भन्यो "जम्मा कति रुपिया भेटा पारिस् ? अब त पुग्ने भो ?"

"पुग्छ आजै ! जम्मा पन्ध्र रुपियाँ त भयो नि । घेरजसो मेरो पैंचोमै जानुपर्छ, कहिले रोजमा गयो त्यै पनि बजूलाई नदिई हुँदैन । आफूले थपिदिने मनेको खोइ ?"

"त्यो पाँच चै कसले थपिदिएको नि ? चन्द्रेले भन्यो । "हो नि तर त्यतिले के गर्नु ? अझै एकदुइ रुपियाँ नभई त कामै बन्दैन ।

फेरि सुर्ता गछेंस् त ! तँलाई मैले भनेकै छु नि एक जोर कल्ली कसै गरेर पनि थपथाप गरेर बनाइदिउँला, लो पन्ध्र रुपियाँ मलाइ राख्न दिइस् भने ।

"अँ उई छाती ठोक्न त होला नि ! नाई मरे पनि दिन्नँ ।"

"पक्का दिन्छु, बाँचे बाँदछु, अस्तिन पनि कसरी दिएँ ।"

"जुवाड़ेको बाचाको के टुंगो हुन्छ । यस्तोले त एकदिन मलाई पनि जुवामा हान्छ । नाइ है अब म बोल्दिनँ, उज्यालो हुन आट्यो ।"

पूर्नी अर्कैतिर फर्केर सुती, चन्द्रेले कति फकायो तर मानिन पूर्नी । उसले एक मनले भन्यो—"अब जुवासुवा छोड़नुपऱ्यो साँच्चै एकदिन टुप्पी पनि बिक्न के बेर । तर फेरि त्यस्ता बिचार खरानी उड़ेझै उड़थे कता कता । उसका जूवा नखेल्ने बिचार खेल्नेमा परिवर्त्तन भए यस प्रकारले कि पैसा आफ्नै अधिल्तिर थुप्रेको दाउ परेको र सोह्रेको । अब उसका मनमा पैसा पाउने एउटै बाटो स्वास्नीको थैलीमा हात बढ़ाउनु अनि कसै गरेर पूर्नीलाई कल्ली बनाइदिने र नखेल्ने सँधैका लागि र भुसुक निदायो ।

चराहरुको खल्याङ र मल्याङको आवाजले उज्यालो ओल्टेदै गरेको चाल पाएर चन्द्रे एकासि बिउँझेर सरक उठ्यो । यतिखेरसम्म कुम्भकर्ण बनेकोमा पछुतो गऱ्यो अनि बिस्तारै स्वास्नीको पोलटामा छाम्यो ।

भाग्यवश थैली बाहिरै निस्केको रहेछ । बिस्तारै उघाऱ्यो र चार पाँच दोबर पारेको दशको नोट र एउटा पाँचको नोट झिक्यो र जस्तो थियो त्यस्तै गरी लायो । यत्रो सब काम सावधानी सित गरेको अनि पूर्नी नबिउँझिदिएकोमा भगवान्लाई मनमनै ढोग्यो । आज पक्का पनि केही त माछु अनि थपेर दिएर स्वास्नीलाई खुसी पाछु भन्ने उसले मनमा सोच्यो । —तर सबै कुरा भने जस्तै कहाँ हुन्छ र ? पूर्नी बिउँझिइछाली तर उसले थैली छाम्दा नछाम्दा चन्द्रेले दैलाको ठेला काटिसकेको थियो ।

पैसा पक्का चोरेछ भन्ने थाहा पाउनसाथ सुर्ता र रिसले उही अस्तव्यस्त रूपमा उठेर यस मोरालाई नमारी भएन, भन्दै एकसय मिटरको दौड़मा कुदी तर के भेट्थी अघिनै अल्पिसकेछ ।

पूर्नीमाको मनमा भक्कानु पऱ्यो, फत्फताएर केही फायदा छैन भन्ने पनि उसले बुझी, मन मनै सोची, मरे ता यहीँ मोर्ला नी त्यसको !" अनि कुचो लिएर घर बढ़ार्न थाली ।

एउटा मानो गरे घरको मझेरीमा छ-सात जना मान्छे झुम्म बसेका थिए । चार जना चाहीं बराबर चतुर्भुज बनाएर बसेका थिए अनि अम्हरू तमाशा हेरिरहेका थिए एकाबिहानै ती मोराहरू ।

भगवानलाई सम्झी ढोली, मनमनै देवी देवराली पुकाऱ्यो अनि यदि माऱ्यो भने सिंघदेवीलाई दूध चढ़ाउने संकल्प गऱ्यो र चौका दाउ लिएर खेल्न बस्यो । —कहिले माऱ्यो, कहिले हाऱ्यो । यसै गरी गरी अब त चन्द्रेको पाँच रुपियाँ मात्रै बाँकी रहऱ्यो । यतिनै बेला भिमे त्यहाँ आइपुग्यो खेल्नलाई, तर उसित पैसा थिएन एउटा माल थियो सो के भने एक जोड़ी कल्ली ।

कल्ली बन्धक राखेर खेल्न बस्यो तीस रुपिया दाम तोकेर ।

कल्ली देख्ने बित्तिकै चन्द्रे भुतुक्क भयो । हे इस्सोर यो कल्ली म मारूँ है । हे इस्सोर ! उसले मनैमन सोच्यो ।

चन्द्रेको पैसा सकिसकेको थियो तर त्यस कल्लीमा पन्ध्र रुपियाँ लागेको थियो । हातमा कौड़ी लिएर चन्द्रेले भन्यो थाप चाँड़ो ।

'हान' पाँच रुपिया !' भिमेले भन्यो ।

"पाँच-साँठ होइन, पूरै थाप; कि तेरो कि मेरो" भन्यो चन्द्रेले । भिमे एकछिन घोरियो अनि आँट गरेर लू त हान, जे होला होला एकै तालमा !

चन्द्रले आँखा चिम्लेर हान्यो, उसले आँखा उघारेर हेर्न सकेन । अरू कराए, "माऱ्यो !" अनि यसो हेर्दा त देख्यो—बाह्रवटा घोप्टा र चारवटा उत्ताना ।

थपक कल्ली टिपेर अब म खेल्दैन भन्दै उठ्यो र चन्द्रे के उठ्न आँटेको थियो भिमेले समात्यो तर के सक्थ्यो त्यो जबरस्त्याँठलाई, भाग्यो.....पुगयी हाल्यो घर ।

घर त पुग्यो तर स्वास्नी मेलो गई गईछ । आमाले रिसाएर भनिन् "कहाँ मरेको थिइस् । काम गर्न एउटा सिन्को भाँच्नु पर्दैन, सके जूवा खेल्नै गा'को थिइस् हैन ?"

"जान्छ जूवा खेल्न । कति कराइरा'को मैंधैको झै" उसले भन्यो अनि आमाले पस्किदिएको भात खाएर सिरानमुनि कल्ली लुकाएर काममा गयो ।

अँधेरी रात त्यसै झुप्रोमा फेरि तीनजना उसैगरी सुतेका थिए । आमा निदाए जस्तो लागे पछि चन्द्रेले बिस्तारै स्वास्नीलाई "ए... निदाइस् ?" पूर्नी निदाएकी थिइन; अर्कोतिर फर्केर आँसु झार्दै थिइ । चन्द्रे पक्का पनि हान्यो नत्र अघिनै खबर मनिसकने थियो भनेर जानी सकेकी थिई. फेरि बिहानको तातो रिस मरिसकेको थियो, फेरि बूढ़ीले काख बजाउली भन्ने त्रास थियो । यसकारण आँसुमा सबै भावना पोखिरहेकी थिई ।

पूर्नी चन्द्रेको प्रश्नले फत्फताई, "पर्दैन मसित बोल्नु । जुवाड़े !!" "तँ त कुरै नबुझी राँकिन्छेस् । के गरें थाहा छ ?" चन्द्रेको त्यस वाक्यले पूर्नीको मनमा आशाको क्षणिक-रेखा कोरियो । उसले फनक्क उतिर फर्केर भनी "के गऱ्यौ, भन न ?" भन्दिन त रिसाउँछेस्" "सत्तै रिसाउँदिन । राम राम भन...न ।"

चन्द्रेले सिरानमुनिबाट कल्ली झिक्यो र 'छाम त' भन्यो । पूर्नीले छामी ! अँध्यारोमा नदेखे पनि मजाको टल्कने कल्लीको कल्पना गरी । कति दिनदेखिको कल्पना यसरी साकार भएको देख्दी पूर्नी फुलेर ओछ्यानमा अटाइन । उसले चन्द्रेलाई अंगालोले कसेर म्वाई खाँदै भनी "कति राम्रो गाला सँधै चुमिरहुँ जस्तो ।।"

मेरो देश—मेरो उपदेश

लोहितचन्द्र राई, एघारौं श्रेणी, 'कला' ।

यो देश हाम्रो शान्तिको पथलाई अंगाल्ने,
भूमि त्यही हो प्रख्यात व्यक्ति पैदा गर्ने,
जहाँ प्रेमको जलप्ले चूक भएको,
विलीन भए अब ती कता हो कता ?

कर्मको सत्यवादी भई प्राण दिने,
देशको रूधीकुटीमा टुकी जलाउँदै,
उठ ! जाग भन्दै शब्द झिक्ने,
मृत आत्मालाई प्राणको शास दिने,
अन्त भए अब ती कता हो कता ?

सम्झी सो अब फेरि त्यस प्रणालाई,
मलजल गरौं फेरि त्यस खेतहरूमा,
असल शिक्षाको महत्व जनाउँदै,
गर्ने बालौं ठानी यही मूल कर्त्तव्य भनी ।

एस्किमोहरूले ब्वाँसोलाई कसरी मार्छन् ?

भारत भूषन दरनाल, पाचौं श्रेणी ।

एस्किमोहरूले विशेष गरेर हिउँमा बस्ने भालु वा ब्वाँसोलाई शिकार गछन् । एस्किमोहरूले ब्वाँसो वा भाललाई कसरी मार्छ त्यो बड़ो चासलाग्दो छ । एस्किमोहरूकोमा हामीहरूकोमा जस्तै बन्दूक या कुनै काँड़ र धनुहरू हुँदैनन् । तिनीहरूकोमा एउटा छुरी हुन्छ । यो छुरी तिनीहरूले दिन रात घोटेर धति लाग्ने बनाउँछन् कि अलिकति छुँदै काटिहाल्ने हुन्छ । यस्तो छुरीमा एस्किमोहरूले रगत र बोसो लगाउँछन् । अनि तिनीहरूले जहाँ भालु या ब्वाँसो चर्न आउँछन् तहाँ नै तिनीहरूले यो छुरी लगेर राखिदिन्छन् । जुन भालु या ब्वाँसोको भाग्य मा मर्नु भनेर लेखेको हुन्छ, त्यै भालु या ब्वाँसो त्यहाँ चर्न आउँछन् । जब त्यसले रगत या बोसोको गन्ध पाउँछ तब [illegible] त्यही ठाउँ मै आइपुग्छ ! अनि [illegible] भएको रगत र बोसो चाटन थाल्छ [illegible] यसरी चाट्दा चाट्दा त्यसको जिब्रो काटिनथाल्छ । जिब्रोबाट पनि [illegible] नम्कन्छ । रगतको स्वाद पाउँदा त्यसलाई मज्जा आउँछ । अन मीठो मान्दै चाटछ । तर त्यसलाई जिब्रो काटिएको थाहा हुँदैन । यसरी छुरी चाट्दा चाट्दा त्यसको जिब्रो काटिएर चिरै चिरा हुन्छ । रगत धेरै गएर अन्त्यमा त्यो मर्छ । यसरी नै एस्किमोहरूले ब्वाँसो या भालु मार्छन् ।

बिदाईमा दुइ शब्द

,कर्णबहादुर चामलिङ्ग, एघारौं श्रेणी (कला)

उच्च भई बाँच सधैं मेरो कामना यही छ तिर्मालाई,
संझि रहँला जहाँ गए पनि, मेरो प्यारो एस० यु० एम० आई० ।

हिजोसम्म तिम्रै काखमा बसी स्वर्गिम स्वप्न देखेथें
निराकारको एउटा चित्र मानसपटमा कोरि राखेथें ।
क्षितिज पारी लक्ष्यलाई केही दूर छ भनिदिएथें
अथाह व्यथालाई अनभिज्ञ बनी यस्तै बकिदिएथें ॥

जानैपर्ने रहेछ सबै रीतनै यहाँको भीषण पहरा
जम्छ नयनभरी, बिछोडमा मेरो टिलपिल टिलपिल अश्रुधारा ।
गर्न के पो सक्छु म, तिर्मनै त थियौ मेरो सहारा ।
रहेछौं थाहा भो आज मलाई, एउटै खोलाको दुइ किनारा ॥

आज लाग्छ मलाइ तिम्रै गोदमा, हर्दम, हरपल खेलिरहुँ
आज लाग्छ अनन्तसम्म तिम्रै गीत म गाईरहुँ ।
जिन्दगी अवशेष पनि तिम्रै साथमा बिताइदिऊँ
योग-वियोगको रीतलाई पनि थोत्रो संझि तोडिदिऊँ ॥

पेट

दल बहादुर राई, एघारौं श्रेणी (विज्ञान)

यस संसार प्रकृतिको एउटा अपूर्व सृजना हो। यहाँ प्रकृतिको विभिन्न प्राकृतिक सृष्टिहरू मौजूद छन्। मानिस पनि प्रकृतिकै एउटा उत्तम सृजना हो। पेट मानव मात्रको लागि एउटा ईश्वरीय देन हो। पेटले मानिसलाई बचाएको छ। जब पेटले काम गर्न छोड्छ, मानिस मर्छ। अब यही पेटको विशेषताहरूलाई उल्लेख गर्दै यसैको विषयमा संक्षिप्त विवरण दिँदै मेरो कलमलाई अघि बढाउँदैछु।

साधारणतः मानिसले भुँड़ीलाई नै पेट भन्छन्। पेटको सृष्टि बडो गजबको छ। हामी खान्छ, पेटले पचाउँछ, हामी बाँच्छौं। जीवित प्राणीको शारीरिक गठन अथवा परिचालनको कुनै पनि केन्द्र छ भने त्यो हो—पेट। संसारको सानोभन्दा सानो जीवदेखि लिएर ठूलोभन्दा ठूलो जन्तुसम्मको शारीरिक गठनमा एउटा कुरा मौजूद छ—पेट।

अब म पेटको उपयोगिता र उपसंहार दुवैलाई कोंधमा लिएर सूक्ष्मभन्दा सूक्ष्म कुरादेखि लिएर चर्चा गर्दछु। हामीले खाएनौं भने अवश्य मर्छौं, त्यो हामी जान्दछौं। यसर्थ जीवित प्राणीले आफ्नो पेटको मांग पुरा गर्नैपर्छ। त्यो पेटको मांग पूर्ति गर्नलाई मानिसले के गरेनन् वा गर्दैनन ? एउटी वृद्धी विधवा रात-दिन रुझी-भिजी कुली काम गरछिन्, दुःखको बाढ़मा आफूलाई बगाउँछिन्, किन ? आफनो र छोरा-छोरीको पेटको समस्या हल गर्नलाई। खेतीवाला खेतमा रातोदिन अथक परिश्रम गर्छन्, किन ? पेटको समस्या हल गर्नलाई। फ्रान्समा क्रान्ति ल्यायो, केले ? जनताको पेटको समस्याले। डाकूहरू भयानक डाका मार्छन्, किन ? पेटको समस्या हल गर्नलाई। ठूला-ठूला युद्ध, महायुद्धहरूको सृष्टि भयो, किन ? पेटकै समस्या हल गर्नलाई। ड्राइभर गाड़ी चलाउँछन्, मेहेतर टट्टी साफ गर्छन्, धर्मगुरू धार्मिक कार्य गर्छन्, शिक्षक शिक्षा दिन्छन्, ब्राह्मण पूजा-पाठ गर्छन्, चोर चोर्छन्, लुटेरा लुटछन्, खेलाड़ी खेल्छन्, मिनिष्टर शासन गर्छन्, सैनिक देश रक्षा गर्छन्, जुवाड़े जुवै खेल्छन्, यी सब किन गर्छन् ? उत्तर छोटो छ—यही पेटको समस्या हल गर्नलाई। मानिसको समक्ष यो पेटको समस्या उपस्थित नभइदिएको भए मानिसले आफ्नो कर्त्तव्य बिर्सने थियो, विश्वले अर्कै रूप धारण गरेको हुने थियो। तब मलाई त पेटको महत्व सर्वश्रेष्ठ लाग्दछ। पेटको समस्या हल गर्नु नै बाँच्नु हो, सबै बाँच्न चाहन्छन्।

आलफ्रेड नोबेलले 'डाइनामाइट' आविष्कार गरे, किनकि उसको अर्को पेट अझ भोको थियो। यसको ध्वंसात्मक कार्यले उ अघाउनसम्म अघायो, पचाउन सकेन, 'नोबेल पुरस्कार' छोड़ी गए। खाद्यको अभावले हालमा चीनमा 'टेबलेट' को आविष्कार भएको छ, पेटको भोक पूर्ति गर्नलाई। देशभरी सदैव शान्ति चाहने 'आइन्सटाइन्' ले 'रिलेटिभिटी थियोरी' लेखे, शान्ति कायम राख्नलाई पछि उसको थियोरी 'एटम बम्ब' बनी पड़्क्यो !—उसको पेटको भोक मेटियो मेटिएन तपाईंहरू स्वयं विचार गर्नोस ! विश्वको सर्वश्रेष्ठ संगीतकार 'विथुवन' आफ्नो संगीतकलाले कहिल्यै अघाएन। संसारमा जति पनि वैज्ञानिक आविष्कार किन भयो ? उत्तर पुनः दोहोरिन्छ—पेटकै समस्या हल गर्नलाई। मानिसले सर्व प्रथम् उसको जीवनमा सुख खोज्छ। मिठो खान, राम्रो लाउन, आरामसित बस्न, यही चाहन्छ—यदि यही इच्छा मानिसमा नहुँदो हो त आज उ पनि प्रस्तर-युगको मानिसभन्दा एक कदम अघि बढ़ेको हुने थिएन। आवश्यक्ताले आविष्कार गर्छ भने इच्छाले पनि

न्त आविष्कार गर्न सक्छ । मानिसको पेटमा यही इच्छाको भोक थियो, फलतः नवीन एवं अद्भुत कुराहरूको आविष्कार भयो । सम्भवतः मानिसमा पेटको समस्या नआउँदो हो त आज प्रगतिपथमा यति अघि बढ्ने थिएन, जतिको आज छ । अन्तरिक्ष-यात्रा कल्पनाको कुरो बन्ने थियो । पेटको समस्याले यस्तो सर्वोत्तम र सर्वश्रेष्ठ कुराहरूको आविष्कार मानिसलाई गर्न कर लगायो भने यसले घृणाभन्दा घृणात्मक कुकार्य र कुव्यवसनहरू अपनाउन पनि त बाध्य गराएको छ । नत्र आज कालो बजारको महंगी हुन्थ्यो । चोर-डाकुको अभाव ! आज कतिपय नारीवर्गले चरित्र र इज्जतको बिक्री गरी पेट पाल्नु पर्ने समस्या नै खड़ा हुने थिएन । मगन्तानगरीको सृष्टि नै हुने थिएन । मानिसलाई पेटको ज्वालाले भतभत नपोलेको भए आज विश्वमा सर्वोत्तम र सर्वनीच दुवै थोकको सृष्टि नै हुने थिएन । यी हुइमा दोस्रो कुरोलाई जस जसले अपनायो अथवा पेट-समस्याको क्रूर प्रहारमा रन्थनिंदा उसले आफ्नो मानवीय कर्त्तव्य र सिद्धान्तदेखि च्युत् हुनु बाध्य भयो । तिनीहरूको उचित् उधार गर्ने म स्वयंमा उचित सामर्थ्य कम्ति नै भएकोले तिनीहरू प्रति म केवल हार्दिक समवेदना प्रकट गर्दछु । ती क्रूर पेटको ज्वालामा खाक हुन लागेका व्यक्तिहरूलाई बचाउनु मानव मात्रको परम कर्त्तव्य हो । तब त मेरो आन्तरिक पेटको आवाज यही छ—म कसैको भलाई गर्न सक्तिनँ भने, म कसैको बुराई पनि गर्दिनँ ।

पेटको निम्ति मानिसले के कुरा गर्दैन ? पेटको ज्वाला असह्य हुन्छ । यसलाई निभाउन मानिसले जीवनको कदम कदमको पल पलमा ठोकर खानुपर्छ । पेटको ज्वालाले भतभत् पोलेको बेला नै मानिसले नोकरी खोज्छ, हात पसार्छ, विन्ती गर्छ, अनुनय गर्छ, दुःखको गह्रौं भारले थिच्दा रगतको आँसु बहाउँछ । आखिर विवश भएर उसले भीख माग्छ, पाकेट काट्छ, चोरी गर्छ, डकैती गर्छ, खुन गर्छ, भएन आत्म-हत्या गर्छ, भोरबाट हाम फाल्छन् । ओह! मानिस कति विवश छन् ! यही पेटको क्रूर प्रभावमा यसरी मानवले मानवता गुमाउनु परेको छ ।

मानिस मात्रलाई पेटले के पो गर्न कर नलगाएको छ र ? गांधी महत्माले भोक हड़ताल गरे, पेटलाई शास्ती दिए—जनतालाई स्वतन्त्रता पनि त दिए ! यहांको शारीरिक पेट भोको रहेर पनि मानसिक पेट डम्म अघाए । पेटको शक्ति यस्तो अचम्भको छ ! पेट प्राकृतिक सृष्टि हो भने पेटको समस्या पनि प्राकृतिक हुनुपर्छ । यो प्राकृतिक भएको कारणले यो समस्याले मानिस मात्रलाई नभएर विश्वको सारा जीवित प्राणीलाई समान रूपले अठ्याउँछ । भालु मर्के चोर्न आउँछ—पेटको समस्या हल गर्नलाई । सोलामा परेर जीवन गुमाउँछ-पेटकै समस्याले । कुकुर टट्टी रुक्छ—उसलाई पेटको ज्वालाले पोलेको छ । बाघले हजारौंको जीव-हत्या गर्छ—पेटको आगो निभाउनलाई । औ कतिपय जन्तुले आफ्नो जीवन गुमाउँछ—कसैको पेटको मांग पूर्ति गरिदिनलाई । यसर्थ यो समस्यामा मानिस मात्र नभएर विश्वको सारा जीवित प्राणी नै समान रूपले बांधिएका छन् ।

आज विश्वमा मानिसले आफ्नो सुखको निम्ति के आविष्कार गरेका छैनन् ? मोटर, ट्राम, रेल, हवाई-जहाज, पानी-जहाज, रकेट, रेडियो, जेट, टेलिभिजन, अणु-शक्ति, बिजुली, वाइरलेस्, चल-चित्र, एक्स-रे, रेडियम, इत्यादि नयाँ नयाँ चीजहरूको लगातार उन्नति र आविष्कार भइरहेका छन् । पहिले पहिले त खानालाई अन्न, लाउनलाई लुगा, बस्नलाई घर, यस्तै साना-साना कुराहरूदेखि नै सभ्यताको खुड़किलो अघि बढ़ेको हो । यी सब मानव-पेट समस्याले उब्जाएको समस्या समाधानका साधनहरू हुन् । एक मात्र जीवित प्राणी मानवले आफ्ना दुःखहरूमाथि यसरी विजय प्राप्त गर्न सकेका छन् । यदि मानिसलाई शारीरिक अथवा मानसिक कुनै प्रकारको पनि भोक नलाग्दो हो त यी कुराहरूको उसलाई आवश्यकता नै हुने थिएन; फलतः यी कुराहरू आज

मानव-जगतमा अनभिज्ञ नै रहने थिए । पेट भएको कारणले मानिसलाई भोक लाग्छ नै, तब त अझ नयाँ नयाँ आविष्कारहरूको गति स्थगित रहनु असम्भव छ। जबसम्म मानिस छ, मानिसमा पेट छ औ पेटमा मष्तिकीय योग्यताको संचार छ, तबसम्म यसलाई नयाँ नयाँ कुराहरूको आविष्कार गर्ने तृष्णा मेटिएको हुँदैन। यो पेटले उत्पन्याएको समस्याको प्रभाव हो। सम्भव छ, मानवले कति शताब्दी पश्चात् शारीरिक तौरले अमर रहने योग्यता पनि प्राप्त गर्ला कि ?

"ऋणं कृत्वा घृतं पिवेत्" भन्ने लोकोक्ति सुन्नलाई म कान थुन्दछु । वास्तवमा यो कायरताको एउटा चिन्ह हो। उसलाई पेटको अर्कै प्रकारको ज्वालाले पोलेको हो। यो उसको पेटको समस्या समाधनको अर्कै तरिका हो। जे होस् पेटको समस्याले यसको मष्तिष्कमा यस्तै विचार घुसाएको छ । पेटको विषयमा विभिन्न व्यक्तिले विभिन्न अर्थ लाउँछन् अथवा विवेचना गर्छन् । पेट बारे विभिन्न व्यक्तिको विभिन्न मत छन् । व्याकरण-वेत्ताले 'पेट' शब्दलाई अझ ओजनदार बनाएका छन् । खुशामद गर्नेहरू भन्छन्—'फलानाको पेटै कालो छ'। फेरि माथिल्लो घरकी सानी बज्यै कानेखुशी गर्दै भन्छिन्-'तल्लो घरकी साईलीले त कसको हो, पेट पो बोकेछ,। जीउ सानो भएर पनि पेट ठूलो हुनेलाई 'पित्तल भुँडे'-को उपाधि पनि दिइएको देखिन्छ। खुशामदीहरू नै भन्छन्-"कोशिष त गर्छौं तरै पनि महाजनको पेट पाउनु साह्रै छ।" फेरी शिकारीहरू भन्छन्—'यो खोलाको पेटै पेट काटेर जानुपर्छ, त्यो ठाउँ पुगिन्छ ।' तर जहीं गए ता पनि पेटैको चर्चा भइरहेको देखिन्छ। घरमा, बनमा, शहरमा, बजारमा, बिहान बेलुकी, दिउँसो, राती जहीं गए तापनि औ जहिले भए तापनि पेटको विषयमा चर्चा र खुशामद भइरहेकै देखिन्छ औ जबसम्म मानिस रहन्छ—भइरहनु नै पर्छ; यो प्राकृतिक नियम हो ।

म सोच्छु—भगवानले मानिसको पेटलाई चाहिं नबनाइदिएको भए कस्तो हुने थियो होला ? अन्तःकरण यही भन्छ—प्रगतिविहिन विश्व खल्लो हुने थियो-केवल ढुंगा वा मुढ़ा जस्तो। पेटले गर्दा समस्या उत्पन्न भएको छ औ समस्याले गर्दा राम्रो नराम्रो दुवै प्रकारका नवीन साधनहरूको सृष्टि भइरहेको छ—जसको उपयोग र उपभोगमा विश्व थरथर काँपिरहेछ। यसर्थ यो पेट यति महान छ, समस्त विश्वको उन्नति र अवनति यसैमा निर्भर छ। पेटमा विश्व झुकेको छ । जसको पेट आध्यात्मिक ठूलो छ, उ प्रति समस्त विश्व नै झुक्न वाध्य भएको छ। यसैमा म पनि नतमस्तक छु। यसर्थ पेटको महानता प्रति मेरो समस्त शारीरिक, बौद्धिक र मानसिक सामर्थ्यले भियाएसम्मन् सत् आदर गर्दै मैले पनि झुकिदिनु कर्त्तव्य सम्झेको छु। खीष्ट, बुद्ध, गांधी लगायत अन्य महान् व्यक्तिहरू आफ्नो विशाल पेटको महानताको आधारमा नै अमर रहेका छन्। मेरो पेटको सृष्टिकर्त्ता प्रति विश्व नै झुक्छ भने, म पनि झुकिदिनु कर्त्तव्यबाहिरको कुरो सम्झेदिन, किनभने मेरो पनि त पेट छ ॥

भोलिका ★ हरू प्रति

अम्बर थापा, एघारौं श्रेणी (कला)

हे भविष्यका ताराहरू ! उज्यालोको लागि पालीश लगाऊ ;
ज्योतिको पालीश लगाएर, देशलाई अझ उज्यालो बनाऊ ;
मूर्ख बदमाशहरूलाई, सत्य सन्देश सुनाई मुग्ध बनाऊ ;
पछाडिएका दाज्यूभाइहरूलाई, अघि सर्न कर लगाऊ ।

आफ्नो ठूलो भूलछ, भनेर जानी जानी पनि,
अग्रसर भई, अझ किन गरौं ? व्यर्थ बेइमानी बनी,
सुधार्नु भूल कर्तव्य हाम्रो हो, यो कुरा मनमा लेऊ,
सिकाऊ सुधार्नु भूल अरूलाई, उपदेश राम्रो भट्टै देऊ ।

चम्चम्मै चम्किने ताराहरूलाई, धमिल्याउन अघि नजाऊ,
मंजिल टाढो छ तिनीहरूको, आफ्नो कोशिश व्यर्थ नबनाऊ;
किनकि चम्किरहने ताराहरू, चम्किरहन्छन् सँधैनै,
धूलो लागेपनि तिनीहरूमा, झट्टै झर्छ धूलो आफैनै ।

हेर अरूहरूलाई अझ कति, चम्चम् चम्किरहेका छन्,
त्यहीं चम्काइको सारमा, तिनीहरू झुल्ले बसेका छन् ;
भविष्यका ताराहरूलाई, कति पालीश लगाइदिन्छन् ।
चम्कोस् पछि आफै भनेर, सुर्याँई अघि बढाई दिन्छन् ।

भूल हुँदैन ताराको कहिल्ये, आफ्नो गतिमा सँधै बस्छन्,
भूल देखाउनेहरू पनि, छाजमर्दो भई फर्कन्छन् ;
तर दुष्टहरू घाम कनी, रोकिदिन्छन् उज्यालो दिनमा ;
आफ्नो गतिमा दृढ़ रहेर, चम्कन्छन् फेरि अन्धकार रातमा ।

स्वार्थी जगत

रमेश चन्द्र डेली, पाँचौं श्रेणी 'क'

यस स्वार्थी जगतमा गरीबको स्थान छैन,
यस स्वार्थी जगतमा गरीबलाई प्रेम छैन;
यस जगामा आफ्ना २ स्वार्थ लिन्छन् ।
स्वार्थीहरू आफ्ना स्वार्थमात्र पूरा गर्छन् ।

यहाँ धनीलाई मात्र स्नेह, ममता र प्रेम छ,
विश्वमा छल कपट र झुठ मात्र छ;
जो ठूलो र इमान्दारी उमेलाई मात्र मान छ ।
स्वार्थी जगतमा गरीबको ठाउँ मात्र पनि छैन् ।

यस जगतमा पशुलाई त के मानिसमा पनि प्रेम छैन
एक-अर्कामा रत्तीभर मेल र सत्यता छैन
मानिसहरू छिन्-छिनमा छुरी धस्छन् ।
यसरी धस्दा एका-अर्काका आत्मा तृप्त हुन्छन् ।।

●

श्री बालकृष्ण सम आफ्ना निबन्ध नेपाली संस्कृतिमा लेख्नु हुन्छ—

"सभ्यतामा विभिन्न संस्कृति फुलेका हुन् । हाम्रा चाड़ पर्व, आजा पूजा, विधि विधान, पद्धति दस्तूर, खानपीन, लिवास रीति रिवाज सब हाम्रा संस्कृति हुन् यी रङ्ग विरङ्गका छन्, कुनै भरखर फुल्दैछन् कुनै कुहिएर झरिसके कुनै बैलाएर हाम्रो हातमा दुसुदुसु उमिरहेका छन् ।"

नेपाली जातिको आफ्नै विशेष सभ्यता छ । नेपाली भिन्न-भिन्न २ जातको आ-आफ्नै सामाजिक रीति रिवाज छ । यी जम्मै हाम्रा जातिका संस्कृतिका अभिन्न अङ्ग हुन् । हामीलाई याद छ हाम्रो नेपाली जातीयता यिनै भिन्न २ जात मिलेर बनेको छ, गलैंचामा प्रयुक्त रङ्ग-विरङ्ग धागा झैं विभिन्न जातमा चलिआएका चलन, हाम्रो रीतिथिति केवल एक शताब्दिको बौद्धिक विकास कै कारणले मात्र भएको होइन । अथवा कुनै एक महत्वपूर्ण राणाको शासन-पद्धति कै कारणले पनि यो बनिएको होइन । यी जम्मैले त कुनै न कुनै ऐतिहासिक घटना दर्शाएको छ । भनौं भने प्रत्येक सामाजिक प्रचलन पछि कुनै न कुनै कारण रहेकै छ । तर यसको अर्थ होइन कि जात जातको आफ्नै आफ्नै मौलिक प्रतिमा द्वारा केही बनिएको छैन । विभिन्न संस्कृतिमा रहेका यी भिन्न चित्रहरू केवल इतिहासको कुनै एक विशेष घटनाद्वारा मात्र प्रभावित नभई लेख्दैन वा कुनै कुप्रथा आदिले पनि बनिएको छ, यसमा कुनै संशय छैन ।

चलेर आएको रिवाजलाई अन्धाधुन्ध पालन गर्नुपर्छ भन्नु पनि अतिव मूर्खता हो । त्यसमा समयानुसार आवश्यक हेरफेर हुनुपर्छ । समयानुसार मानिसको आचार-विचारमा परिवर्त्तन हुनु जीवितावस्थाको द्योतक हो । हाम्रा कतिपय सामाजिक संस्कारहरू यस्ता छन् जसलाई यथाशीघ्र हटाउन सके हाम्रो निम्ति असल हुनेछ । यो प्रत्येकलाई अवगत भएकै छ ।

हाम्रा शिक्षित नवयुवकहरूको मनमा यो कुरा नबिझेको पनि होइन तर पनि यिनीहरू लाचार छन् । समाजका अधिकांश सदस्यहरू अपठित छन्—यिनीहरूलाई त आफ्नै अन्ध परम्परा प्यारो छ । जतिसुकै कष्ट झेल्नु परे पनि । समाजमा चलि आएका यी कति कुराहरूलाई चर्चा पर्चा गर्ने समय आएको छ । समाजमा प्रचलित कतिपय यस्ता कुसंस्कारहरूलाई हटाउन शिक्षित जन समुहले केही गन परेको छ । यसको निम्ति चाहियो समाजमा चली आएको नराम्रो संस्कारहरू सितको परिचय । आधुनिक शिक्षित समुदायले आफैलाई यी प्राचीन संस्कारसित एकदमै अलग राखेको बुझिन्छ । औ समाजको यथार्थ सामाजिक अवस्थालाई राम्ररी नबुझी समाजका थिति-रीतिहरू नराम्रा छन् भनिदिन्छन् तर कुन कुरो कसरी नराम्रो भयो भनी प्रश्न गरे असल कुरो बताउन असमर्थ हुन्छन् । यस्तो स्थिति रहे फेरि पनि राम्रो गर्न सकिन्न ।

हाम्रा विद्यार्थीहरूमा सामाजिक चेतनाको अभाव रहेनछ भन्ने कुरा प्रस्तुत लेखहरूबाट स्पष्ट हुन्छ । यो बड़ो हर्षको कुरा हो । आफ्ना२ जातको सामाजिक रीति तथा त्यसमा निहित त्रुटिहरूको ज्ञान रहेको प्रष्ट छ । यी लेखकहरूबाट अर्को कुरा हामी के पाउँदछौं भने विद्यार्थीहरूमा गवेषणा कार्य्यको अभिरुचि ।

यी विभिन्न लेखहरूमा कति त्रुटि एवं अभावहरू अवश्य आएका छन् औ कति कुराहरू भने केवल स्थानीय विशेषताका मात्र पनि होलान् । यो बुझी विज्ञजनबाट विद्यार्थीहरूको प्रयास संझी क्षमा प्रदान हुन्थ्यो छ भन्ने आशा राखिएको छ ।

—सम्पादक ।

नेवारी रीति-रिवाजमा कूचो

रत्नवीर शाक्य, एघारौं श्रेणी 'कला'

नेवारी संस्कृति तथा रीति-रिवाजमा पनि अरू जातिहरूमा झैं वभिन्नि वस्तुहरूको सम्बन्धमा अनेक प्रकारका मान्यता, धारणा र विश्वास प्रचलित छन् । घरका साधारण वस्तु-हरूको प्रयोगमा पनि अनौठो कुराहरू हामी देख्छौं । यस्तै वस्तुहरू मध्ये कूचोको केही चर्चा गरिन्छ ।

नेवारहरूका निम्ति कूचो एउटा सफा गर्ने र बढ़ाने साधन मात्र होइन तर एउटा शुद्ध र पवित्र गर्ने अति आवश्यक वस्तु पनि हो । दिनको प्रारम्भमा विहानै उठने वित्तिकै घरमा एकपल्ट कूचोले कमसे कम सरसरी न बढ़ारूञ्जेल कुनै कार्य पनि थालिँदैन कारण त्यति न गरूञ्जेल घरको वातावरण वासी नै रहन्छ भन्ने धारणा देखिन्छ र कूचोको प्रयोग पछि मात्र ताजा पानी भिज्जाइन्छ । यसरीनै कुनै पूजादि कार्य शुरू गर्न भन्दा पहिले पूजा-स्थान गोबरले लिपे पछि पनि एकपल्ट यस माथि कूचोले न बढ़ारूञ्जेल त्यो स्थान पूर्णशुद्ध मानिँदैन । तिहारको चाड़मा लक्ष्मी पूजाको दिन नेवारहरूमा पनि लक्ष्मीको पूजन संगसंगै अरू अरू वस्तुहरूको पूजा गर्ने चलन पनि छ । ती वस्तुहरूमा कूचो पनि हो । त्यस दिनका लागि नयाँ, प्रयोग नगरिएको एउटा कूचो नेवारहरू लक्ष्मीपूजाको स्थानमानै ठड़्याई राख्छन् र यसको पनि पूजा गरिन्छ । जहाँ फोहोर, मेला, कचिङ्गल हुन्छ त्यहाँ लक्ष्मी प्रवेश गर्दिनन् भन्ने यिनीहरूको विश्वास हुनाले यी फोहोर, मैला सुग्घर गर्ने साधन मध्येको श्रेष्ठ र पूरातन वस्तु हुनालेनै यसको यति ठूलो महत्व राखेको देखिन्छ ।

यस प्रकार अन्य विश्वास पनि यो कूचोको सम्बन्धमा हामी देख्छौं । नेवारहरू कूचो कहिले नाघ्दैनन्, किनभने विश्वास छ कि यसो गर्नाले हातका औंलाहरूमा उचेर जान्छ । कसैले अचानक नाघिहाले भने त्यही नाघिएको कूचो उठाएर ढोग्नुपर्छ भनी मन्छन् । यसैले होला घरमा कसैले कतै कूचो लड़िरहेको देखे उठाएर एक कुनामा ठड़्याइदिन्छन् । फेरि प्रयोग गरी सकेको वा चलाइरहेको कुनै दुइवटा कूचोहरू पनि एकै ठाउँमा नराख्नुहुने भन्ने धारणा छ । कारण के हो भने नेवारहरूमा मान्छेको लाश राखेको ठाउँ बढ़ारेको कूचो दोबाटा जस्तोमा फ्याँक्ने दस्तूर छ । उनीहरूको यस्तो विश्वास छ कि दुवै कूचो एकै ठाउँ राखे ती कूचाहरू मध्ये एक अर्कालाई भन्दा आफूलाई पहिला त्यस प्रकार फ्याँकियोस् भन्ने कामना गर्छरे । जसको परिणाम स्वरूप घरको मानिसलाई त्यसको कुप्रभाव पर्छ भन्ने विश्वास छ ।

नेवारहरू पनि अरू नेपालीहरू जस्तै भूत-प्रेतादिमा विश्वास राख्ने हुनाले यस सम्बन्ध-मा अनौठो चलन छ । घरमा भूत-प्रेतादिको आउ-जाउ भइरहेको आशंका र डर भएमा यिनीहरू राती सुत्न भन्दा पहिले दैलो २ मा यही कूचो लड़ाई राख्छन् । यिनीहरूको विश्वास छ कि यसले भूत-प्रेतादिको प्रवेशमा अवश्य बाधा दिन्छ ।

झार-फूक गरी बिमारीको रोग निको पार्ने चलन यो जातिमा पनि छ तर अब उस्तो देखिँदैन । यी वैद्यहरूले विशेष प्रकारको रोग हुँदा मधौरोको शरीरमाथि बिस्तारै बढ़ारें झैं गरी मंत्रोच्चरण साथै कूचो प्रयोग गर्छन् । यसमा अनौठो लाभ हुन्छ भन्ने विश्वास छ ।

यसरी नेवारहरू कूचोलाई एउटा तुच्छ वस्तु होइन तर मानव-समाज और शरीरका मलीनता दूर गर्ने एउटा प्रतीक-रूप झैं महत्व दिन्छन् ।

गुरूङ समाजमा पूजा

गम्भिर गुरुङ, एघारौं श्रेणी, '(विज्ञान)'

गुरूङहरूले वाया देवता मान्छन् वर्षमा एक पल्ट विशेष चैत महीनामा। सँधै पूजा एक ठाउँमा गर्छन् । घरको केही पर चोखो स्थानमा देवस्थान बनाएको हुन्छ अनि पितृ पूजा पनि गर्छन् तर यो पूजा अरू कसैले हेर्न अनि देख्न हुँदैन । उनीहरूले त्यस दिन बाख्रा, कुखा काटछन् अनि देवस्थानमा चढ़ाए पछि सबै मिली खान्छन् तर पितृ पूजा नमान्नेहरूलाई दिँदैनन् । त्यस पितृ पूजा एकजना गुरु हुन्छन् भर्खर जन्मेका नानीलाई गुम्ले कानमा मन्त्र फुक्छन् अनि देवस्थान वरिपरि घुमाउँछन्, त्यसपछि चढ़ाएको रोटी आदि प्रसादले नानीको कानमा दली दिँदै नानी अवदेखि पक्का भयो भनी भन्छन् ।

विवाह—चोरी विवाहमा केटीको बाबु आमाले भगाउने केटाबाट ६१ रुपिया दण्ड लिन्छन् तर कसैले त ५०० रु० पनि लिन्छन्–बज केटी अजातसंग जान्छे ।

मागी विवाहमा केराका थाम गाड़छन्, रेखी लाउँछन् अनि होम जग्गे बाहुनले पढ़ेर गर्छन्, अनि छोरी चेलीलाई आफ्नो गोत्रदेखि कुटुम्बको गोत्रमा दिएर भोको पेटमा बागदत्त बोल्छन् ।

धर्म—कोही गुरुङ हिन्दू धर्म मान्छन् अनि कसैले बौद्ध, हिन्दू गुरूङहरूले पूजा, विवाह अनि मरौ परौ मा बाहुन पढ़ाउँछन् तर बौद्ध गुरूङहरूले जे गर्दा पनि गुरूङ लामा चलाउँछन् ।

उहिले सबै गुरूङहरूले भेड़ा पाल्थे अनि सबैभन्दा पहिला भेड़ाका ऊनबाट राड़ी बुन्ने गुरूङहरू नै हुन् । गुरूङहरू एकोहोरे हुन्छन् भेड़ा जस्तै यसकारण गुरूङहरूलाई भेड़ा भनेको हो ।

मेरो गुनासो, चिसिदिएकाहरूलाई

लरेन्स कावा, एघारौं श्रेणी ।

बोलाउदिनँ अब त कसैलाई
मायालु यी मेरा नयनहरूले
निमत्याउदिन, अहँ निमत्याउदिन ;
यो खोक्रो हृदयमा माया छुपारेर ।

मगज तुरिएकाहरूलाई,
मायामा सल्केकाहरूलाई
छाती डढ़ेकाहरूलाई,
अझ झोसी दिन्छु
यी बाँच्न नजान्नेहरूलाई ।

रित्तो आकाश, रित्तै बनाइदिन्छु,
पागल हृदय, अझ पागल बनाइदिन्छु ;
तिनीहरूको निम्ति, तिनीहरूकै लागि
अझ निष्पट अन्धकार बनाइदिन्छु ;
पाएर मूल्य नबुझनेहरूलाई,
हराएर खोज्न नजान्नेहरूलाई ।

●

परम्परामा मौलाएका मंगरहरूको जातीय प्रथा

अम्बर स्मृति थापा, एघारौं श्रेणी, (कला)

हामी मंगर हौं तर मगर होइनौं; गोर्खाली हो पो मगर भन्दछ। गोर्खाली एउटा किताब हो भने हामी त्यसको पृष्ठ हौं!

हामी मंगरहरूको अचम्मको प्रथा छ, सर्वप्रथम मंगरहरूको प्रवृत्ति कस्तो प्रकारको हुँदोरहेछ; त्यो पढिहेर्नोस्—हामी मंगरहरू प्रायः ढिलो भएको हुन्छौं। कुनै प्रवृत्ति कुरा पनि झट्ट हल गर्न सक्तैनौं। कसैले सोमबारको दिन गाली गरे तथा कुवचन भने, हामीलाई शंचबारको दिनमा मात्र रिस उठछ। त्यस बेला पो झोकिन्छौं औ जान्छौं बदला लिनु जुनबेला त्यो गाली गर्ने मानिसले त्यो कुरा बिर्सिसकेको हुन्छ। मंगरहरूलाई रिस उठ्तैन उठ्तैन, उठे पछि त्यो रिसलाई शान्त पार्नु एकदम चर्को पर्छ।

हामी मंगरहरूलाई लेड़ा, गिट्टा तथा भ्यागुर भनेर खिसी गर्छन। यो सब किन? सुनेका छौं हाम्रा पुर्खाहरूले खानुको निम्ति गिट्टा तथा भ्यागुर खोजेर, पोलेर खान्थे' रे, त्यसैले गर्दा हामीलाई यो सब भनेको' रे।

औ फेरी, लेड़ा, चढि किन? यो कुरा त हामीलाई सत्य जस्तो लाग्छ, किनभने अरू जातले मामाकी छोरीलाई बिहे गर्दैन तर मंगरहरूले त मामाकी छोरी लाई 'साली' भनेर बोलाउँछन् औ बिहे गर्छन्। यसै कारणले गर्दा मंगरहरूले लेड़ा भन्ने अर्को उपाधि पाएको। आज हामी त्यस्तै गतिमा छौं। यहिलेका मंगरहरूले काम बिगारे, त्यसको दण्ड आजका मंगरहरूले सहन गर्नु परेको छ। औ आज हामी 'भ्यागुता' मात्र नभएर मुसानै बनेका छौं कारण आजकल पनि त सभ्य मंगरहरूले मामाकी छोरीलाई बिहे गर्छन्!

मंगरहरूको आफ्नै देवताहरू हुन्छन् तर अरू देवताहरू संग पनि मिल्छन्। देवताहरू हुन्—जङ्गली देवता, नयाँ देवता इत्यादि। फसल पाकेर जब खानु पर्छ, त्यसबेला बिना देवताहरूलाई चढाइकन हुँदैन' रे। फसल खानुको लागि देवताहरूलाई चढाउने—पाँचवटा कुखुरा, सिद्रा, केरा, अण्डा, चामल, धुप इत्यादि तथा अरू पनि चाहिन्छन् के अचम्मको दस्तूर छ।

मंगरहरूको बार बार्ने चलन तथा दस्तूर छ। खेतको बार बार्नु होइन तर अर्कै हो। कसैले मंगलबार कसैले बिहिबार बार्छ। त्यो बार बार्ने दिनमा कसैलाई केही चीज दिंदैन, यदि दिई हाल्छ पनि एउटा 'दसी' माँग्दछ, नभएत एकदम हानि हुन्छ' रे जस्तै कुखुरा, बाख्रा तथा गाई-चम्नुहरू हराउछन्' रे!

मंगरहरूको बिचमा केटी हेर्नु जाँदा तथा माग्नु जाँदा केटाका आमा-बाबुले यी चीजहरू लानुपर्छ—एउटा सुँगुर, जाँड, रक्सी तथा बाह्र रुपिया औ अन्य चीजहरू। बिहे गर्नु भन्दा साइनो केलाउनु पर्छ। बिहेको बेला केटा पट्टिको जन्ती केटीको घरमा जान्छ औ भोलिपल्ट केटी (बेहुली) लाई लिएर फर्कन्छ। केटाका (बेहुलाका) दिदी बहिनीहरूले बेहुलाको गोड़ा धुएर पानी पिउछन् औ चीजहरू दिन्छन्। चोरी बिहे गर्दा, केटीलाई घरमा भित्राएको बेला गाउँका बूढ़ा-पाकाहरूलाई बोलाएर जनाउँदछन्। टीको, टालो गर्नुपर्छ,

यो सब भए पछि तिनीहरू लोग्ने-स्वास्नी बन्दछन् ।

मंगरहरूका छोराहरूले छः वर्षसम्म केश पाल्नु पर्छ, औ छः वर्षपछि केटाको मामाले त्यो पालेको केशलाई काटिदिन्छ र त्यो दिन भोज लाउँछ । त्यो दिनलाई चाहिं केटाको छेवर गरेको बुझिन्छ ।

मंगरहरूको बिचमा कोइ मानिस मरे, त्यो मर्ने मान्छेको छोराले केश मुड्नु पर्छ औ दश दिनसम्म कोरामा बस्नुपर्छ । कोरामा बस्दा सेतो कपड़ाको धोती र टाउकोमा टालो बाँध्नु पर्छ । कोरामा बस्ने मान्छेलाई केही वस्तुले जस्तै (झिँगा, कुकुर, मुसा इत्यादि) छुनु हुँदैन रे । दश दिनसम्म त्यो मान्छेले नून, तेल खानुहुँदैन, अलिनो खानुपर्छ । दश दिन पछि काज-क्रिया हुन्छ, त्यो बेलुकी झाँक्री चिन्ता गर्नु बस्छ । त्यो दश दिनको अवधिमा राती-राती गाउँका मानिसहरू आएर शोकित घरानालाई सान्त्वना दिलाउँछ । कोरामा बसेको मान्छेले फेरि एक पल्ट देखि एउटै वाक्यलाई दोहऱ्याउनु हुँदैन ।

अरू जातको गन्ती एक देखि लिएर एक सयसम्म को हुन्छ तर मंगरहरूको त एक देखि लिएर पाँचसम्मको मात्र हुन्छ । त्यो कसरी भयो भने मंगरहरूले गन्ती गर्दा छेवारोले तर्साइदियो रे । यसकारण पाँचसम्म मात्र गन्नु पायो' रे । गन्ती यस्तो छ—काट, नीस, सोम, बुली, बाँङा । हाम्रो बोली बेग्लै छ, जुन भाषा आजकल पनि गाउँमा बाजे-बज्यूहरूले गर्छन् ।

हाम्रो जातमा पनि धेरै थरहरू छन् । हुन त एउटै जात भए पनि थरहरू बेग्ला-बेग्लै हुनुपर्छ' रे किनभने बिहे-बारी गर्दा मिल्दैन' रे । थरहरू हुन्--पुलामी, बलमपाकी, खपाँगो, दखाली, क्यापछाकी, करापछाकी, पिठाकोटे, पुर्वछाने, कालीकोटे, लुँगेली, इत्यादि, अरू पनि थुप्रै छन्, जानेको पनि धेरै छन्; झन गोत्र छुट्यायो भने त कता हो कता । त्यो सब लेख्यो भने त दुइ नम्बरको खाता चाहिन्छ ।

यस्तो चलन पनि छ कि यदि मंगरहरूको बिचमा कसैको मृत्यु भएको छ भने, त्यो मर्ने मान्छेको सन्तानले त्यो वर्ष दशैं तिहार मनाउनु हुँदैन; देवसी, भैलो खेल्नु हुँदैन । त्यो वर्ष कुनै प्रकारको पूजा लाउनु पाँउदैन । अठाह्र महीना-सम्म त्यो मर्ने मान्छेको खातिर बार्नुपर्छ ।

हामी प्रायः सबै मंगरहरूले 'देवाली' मनाउँछौं । यो हाम्रो निम्ति दशै, तिहार भन्दा ठूलो चाड़ हो, तर यो वर्षै पिच्छे मनाउँदैनौ, यसको एउटा रहस्य छ । 'देवाली' मनाउने बेलुकी गाउँका मंगरहरू त्यो देवाली मनाउने घरमा भेला हुन्छन् । 'देवाली' मनाउँदा एउटा भेड़ा चाहिन्छ जसलाई 'सुन भेड़ा' भनिन्छ । त्यो समयमा देवाली मनाउँदा ९ जना कन्ये केटा र ९ जना कन्ये केटी चाहिन्छ । घरको भित्र कोठामा 'सुन भेड़ा' को भुँड़ी चिरेर 'मुटु' निकाल्छ र नाङ्लोमा राखिन्छ, त्यो मुटु जती पल्ट उफ्रन्छ त्यो सब गन्ती गर्नु पर्छ अनि ठीक त्यही गन्तीअनुसार त्यति वर्ष पछि मात्र फेरी गर्नु पर्छ । यो 'देवाली' को पूजा गर्दा कसैले देख्नु हुँदैन रे ।

हामी सबै मंगरहरूले श्राद्ध गर्नु पर्छ औ गर्छौं, यसको अर्थ हो यो कि जीजू, बराज्यूहरूलाई मनाउनु खुशी पार्नु को निमित्त यो सब गर्नु पर्छ । श्राद्ध षष्ठीको दिन मानिन्छ, अथवा त्यो रात श्राद्ध गर्दछ । श्राद्ध गर्दा माछा, कुखुरा, घिरौला, तोरी, भात इत्यादि चाहिन्छ । घरका बाबुले १२ बजे रातो धारामा गएर पानी लोइटामा भरेर घर फर्कन्छ, पानी छम्कँदै-छम्कँदै घरको चुल्हामा आएर पनि पानी छम्कन्छ औ दैलो खोली दिन्छ औ १५ मिनट सम्म चुप लागेर बस्नु पर्छ औ त्यसपछि घरका सब जहान उठेर खाना खान्छ । श्राद्धको लागि बनाएको खाने कुरा अरू मानिसलाई दिनु हुँदैन, सबै घरको जहानले खानुपर्छ ।

(शेषांश पृष्ठ १७ मा)

Spot-light

N. C. C. Rifles—Sgt. Baldeo Singh in the lead.

Hey ! a Space-dance in Go-go-Style?

P. K. Sakya

वर्त्तमान युग

सुकदेव छिरिङ साम्पू, आठौं श्रेणी, विभाग 'ख'

१। कागजको रंगी चंगी फूल मैं फेशन संसार आजको युगमै देख्याँ ।
युगको फेशन नै यस्तो हुन् भनी सारा तत्व त्रैलोक्ले पनि जानी सक्या ॥
[illegible] हुन र समाज भनाउदाहरू गर्दैन बाधा तहाँ ।
[illegible] बालबच्चाको यहाँ ॥

२। [illegible]
यहाँ छन् धनि धनिका छोरा छन् [illegible]
टाइट फिटिङ र बुफनको मेषमा नग्ना पर्न्छो ।
हाफ पुलिङ्ग र हाफ खोलिङ कटका पनि पर्न्छो ॥

३। लेडी कोउ–चोय, लेडी विटलस, लेडी जेम्सबोण्ड पनि [illegible] ।
पछि सर्दैन कुनै क्षेत्रमा काँधमा काँध मिलाउँछन् बरू अघि २ ॥
नयाँ २ फेशनका लागि तड़पी रहन्छ बरू अरे तीन दिन भोकै बसी ।
हाफ इण्डियन, हाफ अमेरीकन : बम्बई स्टायल गरी ॥

४। हिमालय सरी अलगो बुफन भित्र देख्या बासी बनरोटी ।
देख्याछन् कैलास पति लट्टाधारी जटाधारी पार्वती ॥
कहीं काट्याछन् छोटो–चुल्ठो चिटिक्क निधारको पनि ।
फेरि माच्याछन् विटल्स मैं ललाट छोप्ने गरी ॥

५। लाउँछ्यौ थ्री क्वार्टर साढ़ी पिनसियोले खिलीवरी ।
प्रोग्राममा पुगछ्यौ उकाली–ओहाली हिंड्न नछुने गरी ।
लाउन त पर्छ साढ़ी–ब्लाउज आकृलाई सुहाउने गरी ।
तर किन लाउँछ्यौ पुछ्यको बो बिढ़ी सुरुल पनि ।

६। टाइट स्कर्ट, ब्लाउज हाइहिल सु ले गर्छ के अब ।
नफाल है इज्जत चौबन्दी चोली र फरियाको ।
हेला नगर है ! पाप लाग्ला भेष जातीयको ।
बाजे बज्यू र पूर्खालाई सुहाएकै थियो यी सब ॥

(१६ पृष्ठको शेषांश)

हाम्रा मंगरहरूको सन्तानले रणभूमिमा नाम कमाएका छन् । यो हामी सब मंगर हरूलाई गर्वको कुरा हो । अमरसिंह थापा र बलभद्र थापा जस्ताको सन्तान हुन पाउँदा छब्बीस इञ्चको छाती पनि गर्वले फुलिएर बत्तीस इञ्चको हुन्छ ।

तर आजको सभ्य संसारमा मंगरहरू अंध्यारो कोठामा बस्दा लाज मानेर टुकी बाल्नु शुरू गर्दैं छौं । अरूहरू घामको जस्तो उज्यालोमा बस्दा हामीहरू टुकीको उज्यालोमा बस्नु पनि संकोच मान्दैनौं । यही छ दुःख !

लेप्चा जातिको विशेषता

आगेन एक सुदन, एघारौं श्रेणी ।

हिमालयको काखमा हजार वर्ष अघि अवस्थित अति सुन्दर प्रकृति भएको एउटा स्वर्गभूमि छ, जहाँ आफ्नै परम्परा देखि चलि-आइरहेका, संस्कृति, कला र रीति-रिवाजहरू छन्, जहाँ वर्षाकालको पानीले सिंचिएका वन-जंगलहरूमा नानाप्रकारका जडी-बुटीहरू पाइन्छन् । शिशिर ऋतुमा हिउँका पानीले पवित्र नद-नदीहरू सृष्टि भएको छ । यस्तो सुन्दर र शान्त वातावरणले छाएको पुण्य भूमि "सिकिम" हो । यहाँका आदिवासीहरू हुन् लेप्चा । लेप्चा जाति खुबै सरल र सिधा हुन्छन् । यिनीहरूका आफ्नै इस्टिदिहरू छन् अनि भाषा आफ्नै । यिनीहरूको भाषामा सिकिमलाई "रे-जोङ" भन्दछन् ।

लेप्चा जातिको उत्पति अचम्मले भएको थियो । परमेश्वर; कञ्चनजंघुको टाकुरामा जानु भयो, अनि वहाँले आफ्नो दुबै हातले हिउँका डल्लाहरू टिपी दाहिने हात बाट 'नर' अनि देब्रे हात बाट 'नारीको' सृष्टि गर्नु भयो । ती दुइका सन्तानहरू आज देश भरी यत्रतत्र छरिएर बसेका छन् ।

उहिलेका पुर्खाहरूले बिहेलाई एक पवित्र बन्धन मान्थे । आज पनि त्यसरीनै पवित्र मान्छन् । उनीहरूको बिहे दुइ प्रकारका हुन्छन्, पहिलो केटीलाई मागेर विहा गर्नु अौ दोस्रो केटीको स्वयम्बर रचाउनु । मंगनी भइसके पछि विधिअनुसार दुलहा र दुलहीको सात पल्ट बिहे हुन्छ । यी सात विधिहरू भइसके पछि मात्र दुलही, दुलहाको घर आउँछिन् । तर आधुनिक युगको नियममा बद्ध भएर, कति कुराहरूको परित्याग गर्नु पन्यो ।

बिहेमा दुलहा र दुलहीलाई दुइ हिमालय श्रेणीका चुचुराको अनुकरण गरेर बसाउँछन् । काठको सानो प्यालामा मद र चामल लगाएको हुन्छ अौ किनारमा तीन ठाउँ घिउ टाँसेको हुन्छ । यो प्याला बोङ-थिङ (पुजारी) ले आफ्नो दाहिने हातमा लिएर नव-दम्पती पट्टि फर्की भगवान संग प्रार्थना गर्छन्—जसरी हिमालयका दुइ चुचुरामा 'कोङ-थिङ' र 'च्या-दूङ राजो-मु' पति-पत्नी सधै स्थिर गम्भीर र शान्त भएर बसेका छन्, उसरीनै यी नव-दम्पती पनि आजीवन स्थिर, दीर्घायु रहुन् । यिनीहरूका कुनै प्रकारको अनिष्ट र हानि नहोस् । प्रार्थना गरिसके पछि पुजारीले प्याला दुलहीलाई दिन्छन्, त्यो प्यालामा भएको मद तीन पल्ट अलि अलि पिउँछिन् र त्यस पछि दुलहाले पनि तीन पल्ट पिए पछि उसका पक्षकाहरूलाई पालै सित पिउन लाउँछन् । त्यसको महत्व बिहेको पवित्र कार्यको संस्कार गरिएको हो दुलहा अौ दुलही, दुइ परिवारलाई मित्रताको बन्धनमा बाँधिएको हो । फेरि प्यालामा मद र चामल हालेर किनारमा घिउ टाँसछन् अनि दाहिने हातमा प्याला लिएर पूजारी जन्तीहरू माझ उभिएर यो घोषणा गर्छ, यो दुलहा, यी दुलही, फलानाको छोरा, फलानाकी छोरी, फलाना वंश, गोत्रको फलाना गाउँको बिहेको विधिनुसार आज देखि पति-पत्नी भनी स्वीकार गर्छन् । यति कुरा भई सके पछि दुलहाको हातमा प्याला दिन्छन्, दुलहाले प्यालामा टाँसेको घिउ दाहिने हातको माईली औंलीले दुलहीको सीउदोमा लगाईदिन्छन् र आफ्नी पत्नी भनी स्वीकार गर्छन् ।

यस्ता कति रीति-रिवाजहरू लाप्चेहरूले आजसम्म पनि छाड्दैका छैनन्, जति उन्नतिको पथमा अग्रसर भएर गएता पनि । आफ्नो कला, संस्कृतिहरू अपनाइरहेका छन्, अपनाई नै रहनेछन् ।

मेरै रीति-थिति—चुडाकर्म

मदन शाक्य, एघारौं श्रेणी ।

चुडाकर्मको मूल अर्थ व्रतवन्ध हो । यो व्रतबन्ध गर्नलाई नानीहरू एघार वर्षको उमेर पुगेको हुनुपर्छ । जबसम्म व्रतवन्ध गरिँदैन तबसम्म नानीहरूलाई 'शाक्यको' पद दिइँदैन । नेवारहरू को (हाम्रो) भनाइ अनुसार यो काम पहिले बुद्ध भगवानले गरेका थिए अनि [illegible] पद पनि यसरी दिइएको थियो [illegible] वर्षहरूमा मात्र गरिन्छ । यो चुडाकर्म गर्न नानीहरूलाई पहिले आफ्नो बिहारमा लगिन्छ अनि पछि भगवानको मन्दिरमा लगिन्छ । त्यहाँ आफ्ना मानिसहरू सबै मेला भएका हुन्छन् अनि केही समय पूजा गरेर नानीहरूलाई नाउ (विशेष हजम)-ले टुप्पी मात्र छोडेर केश काटिदिन्छन् । त्यस केशलाई भुइँमा झर्न दिइँदैन, त्यसलाई अलग चार दिनसम्म मन्दिर भित्र राखिन्छ । टुप्पीलाई चाहिँ आफ्ना दाज्यू, भाइहरूमध्ये सब भन्दा जेठाले सुनको र चाँदीको छुरालें काटि दिन्छन् । त्यस काटेको टुप्पीलाई पनि चार दिनसम्म मन्दिर भित्र लगेर नाङ्गो पार्छन् अनि [illegible] कलसको पानीले स्नान्याइदिन्छन् र पवित्र [illegible] त्यसपछि नानीलाई गेरुवा रंग भएको वस्त्र [illegible] अनि देब्रे हातमा मात्र बोक्न [illegible] थाप्न आफ्ना मानिसहरूको [illegible] [illegible] जुन बेलादेखि गेरुवा लुगा [illegible] उनलाई छालाको जुत्ता [illegible] लाउन मनाई गर्छन् । उनलाई [illegible] खान दिन्छन् । [illegible] रूपमा बस्न लाउँछन् । चारदिन पछि [illegible] काम विसर्जन गरिन्छ । विसर्जन गर्न अघाडि, त्यस केशलाई निनी (फुक्रु)-ले कांसको भाँडामा लगेर नदीको किनारमा बगाइदिन्छन् । जब बगाई सक्छ तब मात्र नयाँ लुगाहरू लगाउन दिइन्छ अनि त्यस दिन देखि नानीहरूलाई शाक्यको पद दिइन्छ र चुडाकर्म समाप्त हुन्छ ।

आकाँक्षा

तुलसी प्रसाद छेत्री,
दशौं श्रेणी,
(कला)

म मेरो कंकाल शरीर,
फकीर बनेर, बैरागी भएर पनि,
काँचो मासु खाएर बाँचेका पुर्खाहरू मैं,
मोटाउँदै अनि त म एकदिन,
भयंकर राक्षस बनिदिनसक्छु ।
जहाँ पशुहरूको ओढार छ,
मानवको त्यहाँ के जरूरत,
यसैले त म जंगल बस्दामा,
उनीहरूलाई ज्ञान भएर पनि,
आफैले मरिदिनुपर्छ ।
घमण्डले आफै पूर्ण हुँदै,
घेरैलाई मारेर म अत्याचार गर्न सक्छु,
शहर माझका गाढाहरूलाई,
टिपेर फ्याँक्न नसकेता पनि,
सबै भन्दा बलियो ठहरिएर,
डराएर भागेर म
उड्न सकेना आकाशतिर,
ती चन्द्र यात्रीहरू भन्दा पहिले,
पुगिदिनसक्छु प्रसिद्ध बनिदिन ।
कारीगरीले कोपेको मूर्ता मैं म,
रात र दिनहरू बिताउने थिएँ ठाउँ,
तर न त रात नै छन् यहाँ,
ज्योतिनै छरपष्टिएको न त देख्दछु ।
एक बहिरो र अन्धो म,
संसारमा छाम छुम गर्नु पर्दा,
एक कविता कोर्न मन लाग्दछ,
तर दुःखले भरिएको भावमा
पूर्ण नहुने अनेकौं आकाँक्षाहरू बाँधेर,
यस्तै सेतो कागजको पाता भित्र ।

सपना

लक्ष्मीभक्त घिसिंग, एघारौं श्रेणी।

सझिएँ मैले त्यो भूतकालमा बितेका औधि रात्रा सपना, जालीमा परेको झिंगा झैं चटपटाएको, औषधीको सट्टामा विष पिएको त्यो हो मेरो सपना । आज त्यही सपनाले ओथ्रा पारिसक्यो । नौमती बाजा तुरहीको आवाजले मेरो कानको जाली झण्डै स्वर्गको बात सुन्न पुगेको ।

मेरो सपना त्यो दिनको थियो जब आमा-बाबुलाई डाँटीछली दुइ-चार पैसा उस्काएर [illegible] डाक्टरले आँखा घुमाए झैं मेरा आँखा पनि 'सपना' माथि पर्न गए । सपना को हुन्थी र ? उही मेरी श्रीमती !

एक दिन मैले उसलाई भगाएर घर ल्याएँ । बा भित्रबाट बहिर निस्की टेड़ो आँखाले हेर्न लाग्नु भयो । म सरमले नरम भै सकेको थिएँ । बा मलाई र श्रीमतीलाई देखेर झाँको झैं फलाकेर उफ्रन लागे । बा उफ्रिए तापनि बिगार गरेको त आफ्नै छोरोले हो । म पनि वाको एकलो छोरो भएको हुनाले बाहिरी गाली गरे तापनि भित्री मनले साह्रै माया गर्नुहुन्थ्यो ।

चोरीको रीत बुझाउनु ससुराली जानु पर्‍यो । गाउँका चार-पाँच बूढ़ा मानिस बा, म अनि श्रीमती पनि जानुपर्‍यो । ससुरो चौकी माथि राज गर्नु भएको रहेछ । सासु पिर्की ओछ्याएर हुक्का टोड़क्याउनु लागेकी रहिछन् । पहिला त ससुरा बूढ़ा खुब रिसाउनु भयो तर काम बिगार्ने आफ्नै छोरी थिई र गरोस् पनि के ? भगाई त हाले । पछि मिल्ने कुरा भयो अनि मिल्यौं पनि । मेरो जोर बाँधिदिने शुभ-घडी बाहुन बाजेले पात्रोमा हेर्न लाग्नु भयो । मेरो लगनको अवसर निकालियो । हाम्रो विवाह धुम-धामसित भयो ।

क्रमशः हामीले गर्नुपर्ने कर्त्तव्य गरीं सके पछि अब रह्यो सांसारिक जीवनको लगन । बिहे गरेको छ वर्ष पनि बितेछ । चाँड़ै । सांझै छ वटा नानीहरू छन् । यसो पढ़नु खोच्छु बा.....भन्दै एकले किताब लान्छ । अर्को आउँछ बा.....भन्दै कोटको गोजी भित्र हात हाल्छ । म रिसाएर भनिदिन्छु—"क्या हो यो आमा चैं ? चुल्हादेखि बाहिर निस्किदिन यहाँ छोराहरूले तमास गरिसक्यो । औ, लै जाऊ न हौ" । उ पनि कहाँ कम छिन् र ? उ बोल्छिन्—"क्या हो मैले मात्रै हेर्नु पर्ने ? मेरो मात्रै छोरा-छोरी हो कि क्या हो" ? तमास गरौं भने मरन च्याँसे मोरोलाई बा एकै घुस्सोमा काम पुराइदिने हो कि ? डरै छ ।

बा-आमाले पनि लौ त अब गरिखा भनी छुट्याइदिनु भयो । के गर्नु र छुट्टिनु नै पर्‍यो । मेरा छोराहरूले त मलाई दिक्क लगाई सके । काटेर फ्याँकिदिउँ भने पनि रहरका नानीहरू हुन्, मुटुको टुक्रा । जेठो छोरो घड़ी नभई भातै न खाने भएको छ । माहिला पनि चश्मा नकिनिदिए पढ़दै न पढ़ने रे । काईंलो छोरो घड़ीनै माग्छ । मेरो मुखमा ताला लगाई दिए, यो पिशाचहरूले । साँच्चै आमा चाहिँको पनि यो पिशाचहरूले मासु खाई सक्यो भन्छिन् किनकि बालकले घरि घरि दूध चुसेको उसलाई मासु चुसेको जस्तो लाग्छ क्यारे ? साँच्चै आमा चाहिँको नाम पनि सपना भएकोले होला मलाई यी पिशाचहरूले सपना नै देखाइसके ।

आँखा

ज्ञानलाल थोकर, एघारौं श्रेणी,

मानिसको शारीरिक अंगप्रत्यंगमध्ये आँखा प्रमुख अङ्ग हो । यो ठिक कपालमुनि र कानको अघिल्तिर अवस्थित छ । जसरी शरीरको प्रत्येक अंगको एकएकवटा काम छ जस्तै, खुट्टाले हिंड्ने, कानले सुन्ने, नाकले सुँघ्ने, हातले समाउने र मुखले खाने, उसरीनै यसले पनि कुनैचीज देख्नमा सहायता गर्छ । यसको आकार गोलो हुन्छ । यही गोलोको माझमा एउटा कालो टीका हुन्छ जसलाई हामी 'रानी' भन्छौं । त्यसैको सहायताले हामी चीज देख्न सक्छौं । प्रायः सानो नानीहरूको आँखामा यो कालो टीकाको वरिपरि सेता भाग हुन्छ तर ठूलोहरूकोमा यो भाग खैरो देख्छौं । जसरी फाउन्टेनपेनलाई कभर चाहिन्छ त्यसरीनै आँखालाई पनि एक कभर को आवश्यकता छ, अनि छ पनि—त्यो हो 'लोती' । लोतीको सहायताले आँखालाई जुनै समयमा पनि मदत गर्न सकिन्छ । यदि यो लोती नहुँदो हो र चौबिसै घण्टा आँखा खुल्ला हुँदो हो त मानिसको जीवन बहुतै कष्टप्रद हुने थियो ।

आँखालाई हठात् कुनै संकट पर्न भन्दा पहिलेनै यसले त्यो संकटलाई रोक्नको निम्ति आँखालाई छोपिसकेको हुन्छ जसरी चीलले झम्टन भन्दा पहिल्यै कुखाको माउले आफ्नो चल्लालाई जिउमा लुकाउँछिन् । आँखा छैन भने हामी कुनै चीज वा वस्तु देख्न सक्दैनौं । सायद यो कटुसत्य भएकोले होला कुनै महापुरुषले यसो पनि भनेका छन् "आँखा नभए संसारै अँध्यारो हुन्छ" । हुन पनि हो हामी जति पनि राम्रो-नराम्रो, सफा-मैला, सानो-ठूलो, डल्लो-चेप्टो, गोरो-कालो छानवीन गर्छौं यही आँखा द्वारानै [illegible] । यदि आँखा नहुँदो हो त हामीले यी सब [illegible] पश्चत्ताप गर्नु पर्ने थियो [illegible] आँखा देख्नेको सहारा [illegible] । बल्लाहरू आँखा देख्दैनन् [illegible] भरमा चल्नुपर्छ । उसलाई कसैले अन्धेरामा मोमो घसिदिए 'मन्टलेस पाउडर' मनिदिए उसले विश्वासको भरमा चुप लागेर बस्नुपर्छ । यदि विश्वास नलागेर उसले गालाको पाउडर हातले दल्दै निहालेर हेर्न खोजे "अंधेरीको काम उजालेमें छामें" भनेझैं हुन्छ । यी सब किन भनेर प्रश्न गरेमा उत्तर एउटै आउँछ—आँखा नभएकोले उसका आँखा छैनन् हैन छन् तर दृष्टिहीन अर्थात् "आँखै" छैनन् ।

मानिसका आँखा दुइ प्रकारका हुन्छन्—एउटा शारीरिक र अर्को मानसिक । शारीरिक आँखाले अधिका चीज प्रत्यक्ष देख्न सक्छन् तर मानसिका आँखाले शारीरिकदेखि बाहिरका । आँखा जस्तै अरू प्रधान अंगहरूपनि हाम्रो शरीरमा छन् तिनीहरूमापनि त आँखा जस्तै दुइ प्रकारका अंश हुनुपर्ने ? जस्तै शारीरिक हात, मानसिक हात, शारीरिक मुंड़ी, मानसिक मुँड़ी इत्यादि तर हामी यी सब मन्दैनौं । तसर्थ हामी ढुक्कसाथ भन्न सक्छौं कि शारीरिक अङ्गमध्येमा आँखाको स्थाननै प्रथम छ । आँखानै मानिसको उज्यालो र जीवन भएको हुनाले यसमा केही कमजोरी अर्थात् दृष्टिशक्ति कम भैहालेमा यसलाई पूर्ण शक्ति दिनमा चश्मा लगाइन्छ तर हात-खुट्टा भाँचिएमा त त्यसलाई पूर्ण शक्ति प्रदान गर्नमा त्यस्तो केही चीज लगाईंदैन । यसकारण यो

उदाहरणबाट स्पष्ट हुन्छ कि मानिसको शरीरमा आँखाको ठूलो महत्व छ ।

आँखा चिम्से अथवा फुलापरेको छ भने त्यो स्त्री वा लोग्ने मानिस जस्तै राम्रो किन नहोस् नराम्रै नसुहाउँदै देखिन्छ तर त्यस्तो सुन्दर रूप भएको मानिसमा उस्तै चम्किलो र आँखीभौं चट्ट मिलेको आँखा भइदिएमा अझ सुनमा सुगन्ध थपिदिए जतिकै हुन्छ । यो सब आँखाकै करतुत हो । कविहरू एक सुन्दरीको विषय लिएर कविता कोर्छन् । त्यसको मूल कारण यही छ कि उसको मृगालु नयनले उनलाई (कविलाई) एकदमै आकर्षित गराउँछ । कविता कोर्नभन्दा पहिले कवि त्यस नयनलाई एकोहोरो हेरेको हुँदै हुन्छन् । पाठकवर्गले [illegible] सम्झनुहोला यदि [illegible] नभएर [illegible] विषयमा कविता [illegible] यसकारण मानिसको शरीरमा आँखा नभइदिएमा के असर पर्न जान्छ त्यो त प्रत्येकलाईनै थाह छ ।

पढ़ाइको दृष्टिकोणबाट हेर्दा भने आँखा-संग अरू चीजको तुलना आउँदैन । पढ़नुमा सहज, भूल भएमा सुधार्नु सहज, क्लासमा 'सर' एस्ने साथनै उहाँको 'मुड' अंकन गर्नु सहज, भएन परीक्षामा चोर्नु पनि सहज । यस्तो मूल्यवान वस्तुलाई हामीले पाउन नसक्नु हाम्रो दुर्भाग्य हो र पाएर पनि सन्तोकी नहुनु हाम्रो मूर्खता हो ।

हालैमा अमेरीकाका तीनजना मान्छे "Apollo-11" मा चढ़ेर जूनमा पुगे । उनीहरूले वहाँ जतिपनि चीज, रंग, वस्तुको आकार देखे ती सबै आँखाकै सहायताले देखे । यदि उनीहरूमा ती आँखीभौं मुनिका र कानको अधिल्तिरका डल्ला वस्तु नभइदिएका भए तिनीहरूको काम सब निष्फल भएर जाने थिए, उनीहरूले छामेर अनुभव गर्न सक्ने त थिए तर साक्षात् रूपमा त देख्न सक्ने थिएन फलस्वरूप तिनीहरू सारा संसारको जनतामा प्रसिद्ध र नामी व्यक्ति कहलाइने थिएनन् न त अमेरीकाको इतिहासमा एक पन्नानै थपिने थियो । त्यस्तै ती वैज्ञानिकहरू जसले "Apollo-11" र त्यसलाई कार्यवशमा ल्याउने जति पनि वैज्ञानिक मशिनहरू बनाए तीनै सबै आँखाकै सहायताले बनाए भनी निःसंकोच भन्न सकिन्छ । यदि तिनीहरूको पूर्णबुद्धि भएता-पनि आँखाले नदेखेसम्म त्यसलाई कसरी कार्यमा परिणत गर्नु त्यसको केही ज्ञान हुने थिएन । यसकारण हामी यो पनि भन्नसक्छौं कि बुद्धि जसलाई हामी ठूलो धन सम्झन्छौं त्यो पनि त आँखाको दाँजोमा दोस्रो स्थानमा त [illegible] मन्य छ [illegible] मुन्ने अन्धो मानिसले [illegible] ।

संसारमा हजारौं लाखौं कवि छन् जुनहरूले आफ्नो आफ्नै भाषामा कविता रच्छन् र मानव जगत्मा ख्याति प्राप्त गर्छन् । हामीहरू देख्छौं ती ख्याति प्राप्त गर्नेहरूको संख्यामा प्रायः नब्बे प्रतिशतलेनै प्राकृतिक दृश्यलाई हेरेर त्यसको सुन्दरता अनुभव गरेर कविता रचेको हुन्छ । सायद ती सबै अन्धा भएको भए आज संसारमा कवि भन्ने शब्दको सृजनानै हुने थिएन होला तर 'आँखा' जस्तो महान् वस्तुको सहायताले तिनीहरू यति ठूलो स्तरमा पुग्न सकेका छन् ।

आँखाको सहायताले हामी एक-अर्कासित आउ-जाउ, उठ-बस, हिँड़-डुल, अहँ वा नाई इत्यादिको ईशारा गर्नसक्छौं । कान्छीलाई कान्छाले एउटै आँखाको ईशाराले भगाउन सक्छ । हामी आफ्नो प्रतिबिम्ब ऐनामा हेरेर शरीरको प्रत्येक अङ्ग-प्रत्यङ्ग निहार्न सक्छौं तर आँखा नभएकोले आफ्नो प्रतिबिम्ब यसरी निहार्नु त आँखा चिम्म गरेर ऐना हेर्नु मात्र हुने थियो ।

एक शनिबार म साथीसंग बजार घुम्न गएँ, ठीक S.K.G. Studio को छेउमा पुगेको मात्र थिएँ माथि रूखबाट कागले विष्ठा छोडि पठाउँदा मेरो कालो पेन्ट सेतै भयो । मेरा आँखाले देखिहाल्ने र दुनियाँको नजर बचाउँदै साथीको पछि पछि भएर 'सेलुनमा' गई पुछें । यदि मेरा आँखा नहुँदा हुन त मलाई यसको पत्तो हुनेनै थिएन । फलस्वरूप म सारा मेनरोड भरिको मानिसको समक्षमा हाँसोको पात्र बन्ने थिएँ । तर आँखा जस्तो ठूलो अनि एक महान् अङ्ग ईश्वरले मलाई प्रदान गर्नु भएकोले म त्यो अवस्थादेखि जोगिएँ ।

हामीलाई थाह छ जुनैकाम गर्नलाई पनि आँखाको सहायता चाहिन्छ । यसको अनुपस्थितिमा मानिसले सारा जीवन अन्धकारमा व्यतीत गर्नु पर्छ, पश्चताप गर्नु पर्छ । कुनै हिन्दी सिनेमाको गीत "आँखके अन्धे बापु मेरे पगपग ठोकर खाए, चला नही जाये"—ले पनि मानिसको आन्तरिक वेदना, कष्ट, पीड़ा आँखा नहुँदा कस्तो हुन्छ त्यो व्यक्त गरिदिएको छ । [illegible] प्रत्येक अङ्गप्रत्यङ्गको दाँजोमा अति [illegible] र आकर्षण—सारा [illegible] सुन्दरताको उपभोग र मृत आत्मालाई प्रकाश दिएर फेरि जीवनको मार्गमा डोऱ्याउने सबभन्दा शक्तिशाली वस्तु—काम गर्नुमा सबभन्दा उत्तम र छिटो—जमलाई पाउनसक्नु हाम्रो अहोभाग्य र पाउन नसक्नु दुर्भाग्य हो, त्यो हो दुवै अक्षरको सन्धि अर्थात् "आँखा" ।

कलाकार

इन्द्र बहादुर राई, दशौं श्रेणी ।

रातको गहनतासंगै रुमलिएका भावनाहरू लिएर,
भावनामा डुबेका ती कलाकारका मुखाकृति बेग्लै;
सजल नयनले हेर्न लागे, चित्रीत प्रकृति-देश, रङ्ग-पानीहरू
एकछिन् पछि,
देखे, हगरसले भिजेका ती पानाहरूलाई
त्यहाँ देखेनन् केही अक्षर सिवाय, स्याही
हृदयमा भएका क्रोधलाई दवाई
उड़ायो फुस्स धूवाँ,
सकेनन् फैलाउन तो धूवाँले साम्राज्य कतै
फेरि—,
थोरिए केही कोर्ने, आकांक्षा लिई
सपना सरह ती कल्पनाको शहराईमा
विलीन भएका धूवाँसँग गरेर तुलना,
त्यस पछि—
रातको मौनतालाई टुर तक निहाले
सोचमग्न, अस्तित्वरहित, दिनको विषयमा
सम्झे, ती अस्तित्वरहित दिवस कैं
आफ्नो अस्तित्व हराएको,
र—
लेखनलाई फलाएका भावहरूलाई व्यर्थै प्रयास गरी
[illegible] ती सुन्दर कामुकका पाना माथि
अनेकौं गहिरा-गहिरा भावहरू लिएर
तर—
मस्त निदाएछन् शून्यता सरी
रातका ती प्रत्येक क्षणहरूलाई एउटै
टुकीको मधुरो प्रकाशले
राखेछन् कोठा उज्यालो बनाई ।
त्यसपछि,
दिवा याममा टुकीको त्यो प्रकाशलाई
हराई दिएछन् आफ्नो तेज प्रकाशले
घोर निद्रामा नै उसले देख्यो
मुस्कुराइरहेको रवि ।

एक मन, दुइ प्रतिबिम्ब

गोपाल प्रसाद थापा, एघारौं श्रेणी ।

एउटा नारीको पदचाप ! अन्धो कमल यही पदचापले विह्वल हुन्छ र सहर्ष बन्द ढोका खोल्न पुग्छ । त्यो नारी उसको भाउज्यू, जो उसको जीवनको अन्तिम सहारा, मायाको भण्डार, त्यसबाट उसले लिन्छ माया, स्नेह, ममता इत्यादि ।

'भाउज्यू' आज त चाँडै आउनु भयो त ? कमल सोधिपठाउँछ ।

"हो ! आज कम बिमारी रहेकोले... कं आजकल त "नाइट ड्युटी पनि त छैन" ।

"अँ कमल हिजोको पाठ याद गर्‍यौं कै ?" कमल कुरालाई टार्दै भन्छ—"भाउज्यू, चिया बसालिराखेको छु । सारेर खानुहोस्न, दिनभरी कामले थाकेकी हौली ।

चिया सार्दै चन्द्र भन्छे—कमल, मैले कति चोटि भनें, तिमीले यो सब काम गर्नुपर्दैन, अस्ति पनि हात जलाई पठाउँदा म कस्तो अत्तालिएँ ।"

कुरै कुरामा चन्द्र अर्को कुरा थप्छिन्—अँ कमल ! म अर्को हप्ता देखि क्वाटरमानै बस्छु, त्यस्तै अडर भएको छ । मैले तिम्रो निम्ति एउटी नर्स, मेरी साथी शीलालाई तिम्रो हेर्चाह गर्नु भनेकी छु ।

अनायासै कमल केटा-केटीझैं मुख बिगारेर रुन लाग्छ । "धत् पगला जस्तो ।" चन्द्र भन्छे—"म कहाँ सँधैको निम्ति गइरहेकी छु र ? सँधैनै तिमीलाई एक दुइ पल्ट हेर्न आई रहन्छु नि ।"

अलिकति भए पनि कमलको मुहारमा खुशीका रेखा देखा पर्छ र भन्छ—हुन्छ, काम हो आफूले भने जस्तो कहाँ हुन्छ र ?"

कमल र चन्द्र एउटै उमेरको तर सम्बन्धले कमल चन्द्रको सासु सानै छ । दुबै टुहुरा छन् । कमलका माता-पिता सानै छँदानै स्वर्गवास भएका । एउटै दाज्यू, उ पनि गाडीको दुर्घटनामापरी देहान्त भएकोले, भाउज्यू चन्द्र उसको हेर्चाह गर्छें । यसर्थ ती दुइ एकार्का बाहेक संसारमा आफ्नो भन्ने कोही थिएन ।

चन्द्र गएको दिनदेखि एउटी नर्स शीला कमलको हेर्चाह गर्न आउन लागेकी छ । कमललाई अचम्म र उदेक साथै हर्षपनि लाग्छ किनभने शीलाको शील-स्वभाव भाउज्यूसँग मिल्दो-जुल्दो छ ।

कमल शीलालाई नाम काटेर बोलाउँछ किन हो शीलाप्रति कुनै टुलो सानोको नाता जोड्न उसलाई मन लाग्दैन, हुनसक्छ यहीनै प्रेमको चिन्ह हो ।

उनले के के सुन्दर सपना सजायो होला तर सब भताभुङ्ग हुन्छ, जब उ तन्द्रादेखि वास्तविकतामा ओर्लन्छ । उ त एउटा.....

समयको गतिसँगै शीलापनि कमललाई चाहान लागेकी छ । अब त कमलको हेर्चाह सदाभन्दा बढ्दा मात्रामा गर्न लागेकी छ ।

भाउज्यू चन्द्रापनि हप्तैपछि एक दुइ पल्ट उसलाई हेर्न आउँछे । कोही बेला कमल-मनमनै सोच्छ, किन भाउज्यू र शीलाको घरमा भेट नभएको ? सायद हुनसक्छ ड्युटीले पो हो कि ?

एकदिन शीला गइसकेको बेला, चन्द्र खुशी हुँदै आउँछे र कमललाई भन्छे—"कमल आज तिमीलाई एउटा खुशीको खबर सुनाउँछु, के भन त ?

कमल उसलाई जिज्ञासु नजरले हेरि पठाउँछ ।

चन्द्र भन्छे—"हिजोदेखि हाम्रो हस्पिटलमा एउटा अमेरिकन डक्टर आएको छ तर एक महीनाको लागि, खुबै असल डक्टर छ, उसैले सिरियस केशहरूपनि उसको हातपरे पछि निको भइहाल्छ रे । विशेष आँखाको उपचारमा औधीन ख्याति प्राप्त गरेको छ रे, भोलिनै तिमीलाई म उ कहाँ लैजान्छु, देखाउनलाई" ।

तर कमलमा केही आनन्दको भाव जाहेर हुँदैन । उ भन्छ—"अब केलाई मेरो आँखा ? यत्रोदिन केही देख्न सकिनँ, होस् पर्दैन, अब मेरो आँखाको उपचार । म चाहन्छु मेरा शेष जीवन पनि अन्धकारमै बितोस्" ।

"त्यसो नभन कमल—चन्द्र भन्छिन् । मैले कस्तो आशा लिएर तिम्रो सामु आएको छु मलाई निराश नपार । के तिमीलाई मेरो माया लाग्दैन र ? मलाई पनि त हेर, तिम्रो यो सदाभरको अन्धकारमय जीवन देख्दा मेरो हृदयमा के बितिरहेको छ, के यसको अन्दाज गरेको छौ के ?"

कमल केही जवाब नदिई पलङ्गमा लड्न पुग्छ । रात पनि निकै बितिसकेको हुन्छ । कमलले ओछ्यानमा कुरा सोच्छ—"हो साँच्चैनै उसले आफ्नो निम्ति नभए पनि भाउज्यूको निम्ति आँखा ठीक गर्नैपर्छ । फेरि शीलाको लागि पनि त उसले गर्नैपर्छ । जब उ अन्धा छ तब अहिलेसम्म शीलाप्रतिको प्रेम उसले स्पष्ट गर्नसकेको छैन, कारण यही अन्धो आँखाले गर्दा । अनि त उसको आँखा जाती भएपछि....., उसले अरू सपनाहरू सजाउन थाल्छ र अन्तमा आफैं भन्छ—म जान्छु, मेरा यी अन्धा आँखामा प्रकाश हाल्नु छ ।

भोलि बिहान, भाउज्यू चन्द्र ड्युटी जान लागेकी बेला कमल हिजोको प्रस्ताव स्वीकार गर्छ ।

* * *

आँखाको उपचारकोलागि धेरै पैसाको खाँचो पर्छ, तर चन्द्र पछि नहटी आफ्ना माता-पिताले दिएको दाइजो स्वरूप गर-गहना बेच्छ; र अन्तमा कमलका आँखामा बेह्रिएको पट्टी खोल्ने दिन पनि आइ पुग्छ । जब कमलको यो बेह्रिएको पट्टी खोल्छ र बिस्तारसँग आँखा उघार्छ, उ देख्ने भएछ; सर्व प्रथम उ आफ्नी भाउज्यूलाई खोज्छ ।

"कमल ! म कहाँ छु ?"

जसै कमल आवाजतिर नजर दौड़ाउँछ तब उ अज्ञात [illegible] लाई देखेर । कति राम्री भाउज्यू; उ मनमनै भन्छ र खुशीले उहिँ भाउज्यूलाई ढोगगर्न हात बढ़ाउँछ । कमल सोच्छ—शीलापनि मेरी भाउज्यू जस्तै राम्री होलिन् ।

"भाउज्यू शीला खोई ?" कमल सोधि-पठाउँछ । "घरमानै छ" चन्द्र जवाब दिन्छे ।

"घरमानै छ ? किन आज मेरा आँखा खोल्ने दिनमा पनि नआएको ?"

चन्द्र जवाब दिदैन ।

[illegible]

उच्च तौ दुइ पर पुग्छन्, कमल शीलालाई खोज्छ । "कमल" ? चन्द्र बोलिपठाउँछे—"मलाई क्षमा गर कमल" । कमल छक्कपर्छ "के को क्षमा ?".

"होइन कमल तिमीले मलाई क्षमा गर्नैपर्छ अनि बचन देउ; तिमी मलाई अपनाउछौ भनेर" ।

"भाउज्यू ! यो तिमीले के भनिरहेकी ?"

"त्यसो नभन 'कमल', शीला र चन्द्र एउटै नारीको दुइ प्रतिबिम्ब हुन् । मैले जानी जानी गरेको, अज्ञात अन्तको नाटकले यत्रो ठूलो रूप धारण गर्ला भन्ने कल्पनामा पनि चिताएको थिइनँ" ।

तिमी सोच्नेछौ—शीला हुन के को आवश्यक । हो थिएन तरैपनि मेरो साथी शीलाले तिम्रो हेर्चाह गर्न अस्वीकार गरिन् र मनै शीला भएँ ।

"कमल !" मेरो अधिको "मायालै" तिमी-प्रति अकैं एउटा नयाँ मोड़ लिइसकेको छ । यसर्थ कमल मलाई अपनाऊ, यसैमा तिम्रो कल्याण छ ।"

"भाउज्यू" ! हृदयमा कहिल्यै नजमिएको भावना त्यस 'भाउज्यू' चीत्कारमा गुञ्जित हुन्छ ।

बिन्ती छ भाउज्यू ! यस्तो कुरा नगर्नोस् । एउटी आमाको अवतारलाई शोभा दिंदैन । मेरो त भाग्यमानै 'माया' भन्ने वस्तु ईश्वरले लेख्दिएन छ, अब मैले बाँच्न व्यर्थ छ ।

चन्द्रले रोक्दा रोक्दै, कमल भित्तामा तेरसाइराखेको खुकुरीले आफैमाथि प्रहार गर्छ ।

चन्द्र देख्छिन् कमलको ललाटबिच असह्य चोट, खुनले लतपत; निष्प्राण कमलको शरीर लोटिरहेको हुन्छ ।

हठात 'कमलको' तीतो मर्मस्पर्शी चीत्कार सुनिन्छ कोठाभरि, त्यस आवाज प्रतिध्वनित हुन्छ...कमल...कमल...कमल ।

बस, त्यसपछि फेरि शान्त ।

पर मेजमाथि राखेको घड़ी आफ्नै अविरल गतिमा दौड़िरहेको छ टिक्...टिक्...टिक्...टिक् ।

'म' तिम्रो कुटीमा आएको छु

दिलिप कुमार शर्मा, दशौं श्रेणी (कला)

"तिम्रो" आलयमा आएको छु
संझना र स्मृतिका दुइ थुँगा फूल लिएर
म तिम्रो सदनमा आएको छु ।
जटाधारी भस्मासुर झैं अलख जगाएको होइन,
जोगी झैं आधारातमा फेरी लाएको होइन,
अनि तिहारमा झैं देउसी खेलेको पनि होइन,
मङसिरको दस्तूर अनुसार दर्जनै झैं सनै बजाएको होइन
करुक र ढाड़ जोरिएको वृद्धाले झैं 'पूर्णसत' भनेको पनि होइन ।
फुस्रे जोगीले झैं जय गोरख ! गरेको होइन,
डिलमुनिबाट जदौ हजुर भनेको पनि होइन,
भौतारिएका कुकुरले झैं खान झम्टेको पनि होइन,
तर—
कण्टमय जीवनको पथ अघाड़ी
उकाली र ओराली मा
पहाड़ र तराईमा,
जाड़ो र गर्मीमा
आँसु र पसिनामा
दुःख र सुखमा
काँड़ा घारी र बघैंचामा,
हुरी र बतासमा
कुनै असाधरण अवस्थामा पनि
स्वर्ग वा नरकमा
संधै जाउँ भन्न लागेको छु ।
संझना र सन्तोषका दुइ गीत गाउँदै
संगै जाऊँ भन्न
म तिम्रो भवनमा आएको छु ।

सिपाहीको डायरी

तारा कुमार राई, एघारौं श्रेणी

हिजो त हो, पाँच नम्बर बेडको तन्देरी सिपाहीले मलाई भनेको, थियो "मैले बाँच्नुपर्छ आमा र बहिनी चन्द्रको निम्ति, मैले एक पल्ट त भेट्नुपर्छ। हे भगवान् ! मलाई बँचाइदेऊ। तर.....उसको इच्छा पूरा हुनसकेन, स्वप्न स्वप्नै रह्यो; इच्छा अधूरै रह्यो। उसको चीज बीजहरूको निरीक्षण गर्दा एउटा "डायरी" फेला पारे अनि निलो लिफाभित्र "राखी डोरी" डायरीको पहिलो पातामा लेखिएको थियो "बल बहादुर राई" र डायरी यस प्रकारको थियो—

नेफा २५-८-६२

गत चारदिन सम्म लड़ाई लगातार भए पछि आज केही शान्ति छ र यो लेख्ने मौका पाएँ। चीनियाँहरू अहिले हाम्रो सिमाना-देखि धेरै पछि हटिसकेका छन्। हिजोको भीड़न्तमा राम बहादुर सुब्बाले बीरगति प्राप्त गरे जो मेरो परम मित्र थिए। यसैले होला मनमा शान्ति छैनन्।

जे भए पनि म एक्लो छैन। म संग अनेकौं सुर बीर भारतीय जवानहरू छन्—जसले आफ्नो मातृको निम्ति हाँसी...हाँसी जीवन बलिदान गर्न सक्छन्। आजसम्म हाम्रा धेरै जवानहरूले वीरगति प्राप्त गरिसके, जुन वीरहरूको अपूर्व साहस र वीरताको सामु शत्रुहरू टिक सकेनन्। आज प्रकृति शान्त छ। तर कुनै समयमा पनि तिमीहरूले हम्ला गर्नसक्छन् त्यसै कारण हामीहरूले हाम्रो पोजिशन अझ राम्रो बनाउनु परेको छ। लेख्न त धेरै थियो तर पेट्रोलिङ्ग ड्यूटी छ, शेष गर्दै छु। मनि भोलि भेटुँला।

* *

नेफा २६-८-६२

आज फेरि भेट हुन पुगेछु, यो डायरीका [illegible] एउटा चन्द्रलाई [illegible] घ...रि घरि [illegible] मधुर ध्वनिले अनायासै घरको याद ल्याइदिन्छ—घर छोड़को दिन, बहिनीले मात्र ल्याइदिएर बिदा दिएको अनि आमाको आशिष...।

'के भो भाई ? किन नभन्नु ?' ले म झसंङ्ग हुन्छु—छेउमा साथी बल बहादुर गुरुङले प्रश्न गर्छ। प्रत्युत्तरमा भनिदिन्छु "घरको याद आयो र।" मेरो आँसु पुछिदिंदै, ऊ भन्छ—छिः ! यसरी आँसु बहाउनु राम्रो होइन—हामी जस्तो लाई शोभा दिँदैन। घरको याद त कमलाई आउँदैन र ? तर ती सब सहनु पर्छ, हृदय पत्थर झैं कठोर पारेर।" यसरी नै उसको सान्त्वनामा म खुशी हुने र सुन्ने प्रयास गर्छु।

* *

नेफा २७-८-६२

आज 'राखी' को दिन थियो। बहिनीले पठाइदिएको 'राखी' पाएँ। अरू धेरै साथी-हरूले पनि पाए, आफ्ना आफ्ना बहिनीहरू बाट। प्रायः प्रत्यक नै खुशी छन्। म बेहद खुशी छु। बहिनीले 'राखी' संगै पठाएको पत्रको एक भाग यस प्रकार थियो :—

पूज्यवर दाज्यू,

हामीहरू भगवानको कृपाले जातीनै छौं। तपाईं जातीनै हुनुहुन्छ होला भन्ने पूर्ण आशा छ।

आज 'राखी' को दिन हो। 'राखी' पाएर धेरै खुशी हुन्छ होला—किनकि यो

पवित्र बन्धन हो, जसले दाज्यु र बहिनीको प्यारलाई बाँधी राख्नेछ अनन्तकाल सम्मन् गंगा नदीले सागर र हिमालयलाई बाँधे झै यो 'राखी' ले हाम्रो प्यार लाई बाँधी राख्नेछ, जब सम्म गंगा सागर र हिमालय रहन्छन् ।

* *

तेजपूर,
सैनिक अस्पताल,
७-९-६२

आज बिहान "कमला" बहिनी बाट चाल पाएँ कि म तीनदिन भएछ, यहाँ आएको । अँ, ३ ताः को रहाड् । सबै याद छ । तिनीहरूले नै पहिले हामी माथि आक्रमण गरेका थिए । हामीले पनि गोलीको जवाब गोलीले दियौं । मैले मेरो पासमा भएको जम्मै म्रिनेड; गोली चलाएँ । गोली सकिए पछि गोली लिन फर्केको थिएँ—त्यसपछि के भो मलाई थाहा छैन । अनि मैले आज मलाई यहाँ पाएँ । हे भगवान् ! जसरी भए पनि मलाई बचाइदेऊ । एउटा खुट्टा नभए तापनि—मेरा हातहरू त बिग्रेका छैनन् । अझ म धेरै शत्रुहरू मार्न सक्छु—यी हातहरूले । तर मेरा हातहरू-खुट्टाहरू किन यति पहेंला । हे भगवान् । मलाई बचाइ देउन । म बाँच्न चाहन्छु । म बाँच्न चाहन्छु ।

* *

मेरा आंखा आंसुले भरिसकेको हुन्छ । उसको त्यो मर्म स्पर्शी डायरी पढ़ेर ।

विचार गरौं

बम बहादुर बस्नेत, दशौं श्रेणी

त्यो कलङ्कको आहालमा डुबेर
कलुवा भएका युवक-युवतीको,
कुकुर सरह जीउन चाहने—
धरतीका पिशाचहरूको
यहाँ विचार गरौं ।

तर पृथक गरौं यसबाट
ती असली निष्कलङ्कित युवती र —
पुरुषत्वको गौरव राख्ने युवकहरूलाई
जो यो धरणीको प्रतीक छ,
जसको आधारमा विश्व रहेको छ,
ती सज्जनलाई प्रतीक संझिएर ।

उम्रँदै फुल्न चाहने र
जन्मदै पखेटा लाग्न खोज्ने,
ती युगका, कली र—
जीर्ण प्रायः भइसकेका ती—
जीर्ण-जवानी युवकको,
हामी यहाँ विचार गरौं ।

प्रसून रूपी यस जीवनलाई
सुगंधको सुरसमा होइन तर—
दुर्गन्धको हिलोमा डुबाउने
त्यस कलुषित कलीको,
यहाँ विचार गरौं ।

पुरुत्वको गौरव राख्न होइन
तर गोरु बन्न जन्म लिएका ती
भ्रष्टाचारका पथमा लम्किएर;
दुर्गन्धका कीटाणु सृजना गर्ने—
त्यस्ता भ्रष्टाचारी युवकहरूको,
यहाँ विचार गरौं ।

रामायणमा परिलक्षित मानव कर्त्तव्य र हाम्रो वर्त्तमान जीवन

(भानु जयन्ति समारोह १९६९ निबन्ध प्रतियोगितामा दोस्रो पुरस्कार प्राप्त)

भूपेन्द्र शर्मा, एघारौं श्रेणी 'कला'

मानव समाजमा रामायण लोक प्रिय भएको छ । यसमा भातृप्रेम, पतिव्रता, पितृभक्ति, मानवता एवं प्रजाहरूको पारस्परिक प्रेम,समाज मर्यादा—यी सबै मानव कर्त्तव्यको साथ साथै गौण रूपले समावेश भएर रामायणमा छिपेका छन् । यसैकारणले नै होला यो विभिन्न भाषामा अनुदित भएको पाउछौं ।

रामायणलाई धर्म विषयका नगनेर इतिहास माने रामचन्द्र नायक तथा सीता नायिका—सभ्य संसारका कुलीन घरानाका भनौं किंवा राजकुलका युवराज दम्पतीको चरित्रको बयान यसमा पाउछौं । उनीहरूको शैशव अवस्था देखि स्वर्गारोहण सम्म जति चरित्रहरू अंकित भएका छन्, ती सबै मानव कर्त्तव्यको अनमोल रत्नहरू मात्र सकिन्छ ।

बालक अवस्थामा रामचन्द्रले भाइहरूले जुन प्रेम दर्शाएका थिए सो अनुकरणीय छ । हिजो आज जुन वैमनस्य भाइहरूमा पाइन्छ—यो रामायणको भातृप्रेमको प्रति कलंक हो । विमातृका छोरा भरत, लक्ष्मण र शत्रुघ्न रामका अनन्य स्नेह भाजन थिए । एउटै आमाको कोखबाट जन्मेका दाज्यु-भाइमा योग्यानुरूप प्रेम विरलै पाइएला तर रामायणमा रामचन्द्रले भाइहरू प्रति गरेको प्रेम अपरिमित छ ।

लक्ष्मणलाई वनवास जानू भन्ने पिता दसरथको आदेश थिएन, दाज्यु प्रति अनन्य प्रेमले गर्दा उनी वनवास गए । राम प्रति मात्र लक्ष्मणको प्रेम नभएर सबै भाइमा एकनास थियो । यसले यही बताउँछ—भरत मावली गएको बेला रामचन्द्रलाई वनवास जाने आदेश भिन्यो तब भरत अयोध्या फर्के, दाज्युलाई नपाउँदा उनी विलाप गर्छन् । दाज्युलाई फर्काउन उनी वनवास जान्छन् । दाज्युको पितृ आदेशलाई लिएर उनले [illegible] वनवास गई दाज्युलाई राजगद्दी लिनुहोस् भन्ने भरतको आग्रह कति चित्ताकर्षक छ ! यसबाट दाज्यु-भाइमा कत्तिको स्नेह रहेछ प्रत्यक्ष झल्कन्छ ।

सीतालाई पनि वनवास जाने हुकुम थिएन; तथापि रामचन्द्रको छायारूपा सीता पछि लागिन् । यो पनि भक्तिको ज्वलन्त उदाहरण हो । यसबाट नारी समाजले उपयुक्त गुण अपनाउन योग्य छ । हिजो आजको हाम्रो समाजमा अध्यात्मिकता तिर ढल्केकी नारी संभवतः थोरै पाइएला । जसै भए तापनि नारी पुरूषको अर्धाङ्गिनी हो । यसकारण पुरूषको अनुकूल वातावरणमा नारीले जसरी उत्साह देखाउँछे, उस्तै प्रतिकूल वातावरणलाई सामना गर्न पछि हट्नु ठीक हुँदैन् ।

विमातृ कैकेयीको थांतीरहेको वरदान स्वरूप, युवराज रामचन्द्रको राज्याभिषेक समय, आकस्मिक वज्र प्रहार जस्तो भएता पनि, पिताको आदेश मानसिक विकार रहित भएर रामचन्द्रले शिरोपर गरेको हामी रामायणमा पढ्न पाउछौं । सो वनवास जाने आदेश—चौदह वर्ष सम्म—लामो अवधि, त्यही पनि दण्डाकारण्य जस्तो घनघोर वनमा—एउटा वरदान ठानेर "सौतेनी आमालाई" पनि दोष नदिई, पिताको आज्ञा मात्रमा पुत्रको गौरव ठाने रामचन्द्रको चरित्र यो अर्वाचीन युगमा काल्पनिक प्रतीत हुन्छ ।

रामचन्द्र वनवास गए । सीतालाई रावणले हरण गऱ्यो । सीताको खोज गर्दै उनी भाइ लक्ष्मण सहित शवरीको आश्रममा पुगे । शवरी नीच जाति उनले छोएको खानु उच्च घरानाका मानिसका निम्ति अपमान थियो । उनले आतिथ्य सत्कारका निम्ति फलफूलले स्वागत गरिन् । रामले केही संकोच नमानी आतिथ्य ग्रहण गरे । यसमा मानवता छिपेको छ, यस्तै कामलाई मानवता भन्न सकिन्छ । तर लक्ष्मण-लाई संकोच लागेथ्यो जसको फलस्वरुप लंकामा संग्राम भएको वेला त्यही त्यागेको फलको औषधिले उनको मुर्छा छुटेथो । रामले शवरी-लाई नवधा-भक्ति उपदेश दिएर कृतार्थ गराए, रावणले सीता हरेता पनि रामचन्द्रसित क्षमा याचना गरेको भए उनले अभयदान पाउने थियो । त्यत्रो ठूलो दोषीलाई क्षमा गर्नु-यो साधारण कुरो होइन ।

रामचन्द्रले अयोध्या छोड्दा पनि प्रजाहरू-लाई विक्षोभ भयो । कति रामका पछि लागे तिनीहरूलाई भरतले फर्काए । चौधवर्ष सम्म भरतले रामचन्द्रका पादुका सिहांसनमा राखेर प्रतिनीधि स्वरुप राज्य चलाए । वनवास पछि सीता-राम फर्केर आई राज्य चलाउन लागे । समय बित्दै जाँदा एकदिन एउटा धोबीले लोकापवाद फिँजायो । "रावणसित बसेकी सीता रामले अप्नाए भन्दैमा के तँ रांड़लाई पनि म घरमा वस्न दिन्छु"-भन्दै धोबीले आफ्नी स्वास्नीलाई लखेट्यो । यस्तो अपवाद सुनेर रामले पनि आफ्नो पत्नी सीतालाई त्यागे । यसबाट यही शिक्षा पाउन सकिन्छ-लोक लज्जाबाट बाँच्न प्रत्येक मनुष्यको कर्त्तव्य हो । रामचन्द्रले धोबीलाई दण्ड दिन सक्थे तर त्यसो गरेनन् । मदप्रिय धोबीको कुरालाई लिएर उनले आफ्नो मर्यादा पदलाई सार्थक गराए ।

उपर्युक्त तथ्यको आधारमा हाम्रा महान नेता नेहरूजीले एक पत्नीव्रता रही रामचन्द्रको आदर्श अप्नाए । यसरीनै हाम्रा अरू महान् नेताहरूले रामचन्द्रको चरित्र, सद्गुणहरू अप्नाए उनीहरूको नाउँ स्वर्ण अक्षरमा कुँदिने छ । हामी पनि मर्यदा पुरुषोतम् रामचन्द्रको सुगुणलाई लिएर कर्मक्षेत्रमा अग्रसर भयौं भने हामी रामराज्यका प्रजा हुनेछौं तथा सारा संसारमा, राम-राज्य फैलिने छ, यसमा किंचित सन्देह छैन ।

हाम्रो वर्त्तमान जीवन अन्धकारमय छ । यो अन्तरिक्ष युगमा मानिसहरू सांसारिक भोग-विलास देखि नअघाएर अन्तरिक्षको सपना देखिरहन्छन् हामीले आफ्नो जीवनको लक्ष्य, अरू सबै छोड़ेर, मानव गुणलाई अप्नाए सबै कुरो यसैमा सन्निहित भएको पाउने छौं । गान्धीजीले मानवतालाई अप्नाएर एकता, प्रेम, सेवा गरेको विदितै छ । तर आज हामी दिन प्रति दिन आफ्नो स्तर देखि गिर्दैछौं । हाम्रो समाज दिन प्रति दिन उल्टो मार्गमा लागेको देखिन्छ । छल-कपट, अनाचार, परिग्रह, वेइमानीले गर्दा मानिस पशुतर हुँदै गएको प्रतीत हुन्छ । यी सबै विकारको प्रतिकार रामचन्द्रको जीवनमा घटेका कर्त्तव्यबाट हुन जान्छ यदि यी गुणलाई योग्यरूपले अदलमा ल्याए ।

गाउँ खाने कथा एक मनोरञ्जक खेल हो

हिँउदको याम आगाको वरिपरि बसी अथवा न्यानो सिरक भित्र गुटमुटिई गाउँ खाने कथा गर्दा बालक-बालिकाहरूले जतिको आनन्दानुभूति प्राप्त गर्दछन् त्यतिको अरू अन्य कुनै विषयले गराउँदैनन् ।

गाउँ खाने कथामा केवल मनोरञ्जनको सामग्री मात्र नरहेर त्यसले बुद्धि तिव्र बनाउने तथा शिघ्रातिशिघ्र कुनै विषयमा निर्णय लिने क्षमतामा वृद्धि गराउन सहयोग दिन्छ । भन्नेको सिपालुपनमा खोजी निकालनको [illegible] स्पष्ट जाहेर हुन्छ ।

अघि जब शिक्षाको आगाडि प्रकाश [illegible] मनोरञ्जनको निम्ति आधुनिक जस्तै चलचित्र आदि आविष्कार भएकै थिएनन् । बालक [illegible] मनोरञ्जनको निम्ति केवल यही एउटा उपाय अपनाउनु पर्थ्यो । मनोरञ्जनको निम्ति [illegible] मुख्य बालक यो गाउँ खाने कथा पनि समावेश भएको स्पष्ट देखिन्छ ।

लोक संस्कृतिमा यसको त्यस्तै महत्वपूर्ण स्थान छ जस्मा लोकवार्ता [illegible] लोक संस्कृतिको अन्य अङ्गको संरक्षण गर्ने कार्य भएको छ त्यतिकै यो गाउँ खाने कथा पनि हुनुपर्छ ।

पाठकको मनोरञ्जन तथा संस्कृतिको यो महत्वपूर्ण भागको एउटा नमूना दिनाउनु **मदरल्याण्ड छात्रावासका** छात्रहरूले केही उत्कृष्ट गाउँ खाने कथा दिएका छन् ।

गाउँ खाने कथाको एउटा संकलन ब्रिगेडियर आर० जी० लियोनार्ड, ओ० बी० ई० (*Brig. R. G. Leonard, O. B. E*) ले गर्नु भएको छ । यो सँगालोको नाउँ गोर्खाली रिडलस (*Gorkhali Riddles*) हो । यसमा २०७ गाउँ खाने कथाहरू संकलित छन । हुन सक्छ गाउँ खाने कथाको पहिलो संकलन (यो धारणा भूल पनि हुन सक्छ !) यही हो । सम्पादक)

नत्र गाउँ देऊ !

१ । वारि भन्याङ पारि भन्याङ, तेरो बाबुको लुते करङ के हो ?

२ । एउटा गोरूको बत्तीसवटा जुरो के हो ?

३ । ल्वाङ सुपारी गुवापान, दुइजना सुत्दा बाईसवटा कान के हो ?

४ । नाउँ छ डले कराउछ बलले के हो ?

५ । कसौंडी पाक्यो दाल काँचै के हो ?

६ । ईउँ त ईउँ ईउँ टिप्नेलाई सय रुपया दिउँ के हो ?

७ । तामे नल फलामे फल के हो ?

८ । आज आमा मर्छे, भोलि छोरी जन्मन्छे के हो ?

९ । छिपछिपे पानीमा भैंसी लड्यो के हो ?

१० । डोब आउँछ किलो रहन्छ के हो ?

११ । अङ्गालो बङ्गालो दश बाह्रौं, अंग्वा त टुलटुल मन्टो कहाँ के हो ?

१२ । तारे भोरमै हाल्नेको पाईलो के हो ?

१३ । एउटा राजाको विहेमा सय खाप जन्ती के हो ?

१४ । एक बुई गाई डुलिआई के हो ?

१५ । काम्चिपुरमा चोर पस्यो नागपुरमा माच्यो के हो ?

१६ । चित्रो छ टाउको छैन, हात छ खुट्टा छैन के हो ?

१७ । सबैले भन्छ मेरो मीन मेरो मीत, छुएपछि कसरी पुराउँ यसको रीत के हो ?

१८ । हाल्दा सेतो निकाल्दा रातो के हो ?

१९ । लहरा तान्दा पहरा गर्जन्छ के हो ?

२० । अघि अघि राम चन्द्र पछि पछि चोर के हो ?

(शेषांश ३३ पृष्ठमा)

सुमाइट

मुसुक मात्र

सन्तानले डाँड़ा काँड़ा ढाकोस् नभन
घर छाड़ी डाँड़ा पारी जाओस् नभन
.....

पानी पर्नु पर्छ घर खेत बगाउने गरी होइन
त्यस्तै सन्तानहुनुपर्छ तर समहाली नसक्ने गरी होइन
त्यस्तै गरी बुफन बनाउनु पर्छ जुम्रा पर्ने गरी होइन
अनि पिउनु पर्छ तर नालीमा रात बिताउने गरी होइन ।

शिक्षक—(नेपाली पढ़ाउँदै) गान्धीजीले साना उमेरमा खेलकुद पटक मन पराउँदैन थिए किनभने उनलाई अरू साथीहरूले जिस्काउथे रे !

त्यसै बिचमा एकजना छात्र उठेर—ठीक हो सर, गान्धीजी आजकल पनि फुटबल मेच हुँदा मेला ग्राउण्डमा कहिल्यै पनि हेर्दैनन् ।

श्यामले मेरो परिचय एकजना अपरिचित साथीसँग दिदै भन्छ यहाँ गम्भीर हुनुहुन्छ ।
अपरिचित—(हात बढ़ाउँदै) हल्लो ! तपाईंको शुभनाउँ ?

मदन—अरे, तिमीले 'इयालबाट' किताब किनेको ?
गोपाल—धत्, दोकानबाट किनेको पो त ।

गम्भीर गुरुङ, कला ११ 'बिज्ञान'

(स्कूलमा पढ़ाउँदै गर्दा झर्किएर)
गुरू—तिमीहरू यतिठूलो क्लासको भएर जोड़नु घटाउनु पनि जान्दैनौ भने के जान्दछौ त ?
(बिचैमा एउटा छात्र जुरूक्क उठेर)
छात्र—भाग गर्नु सर !

अम्बर—आज त मगर बाजेले जित्नो टोकेछ !
ज्ञानलाल—त्यसो भए आज उसले पक्कै मासु खानु पाउँछ ।

कमल बहादुर थापा, दशौं श्रेणी, 'बिज्ञान'

नोकर—साहब.....
साहब—(अंग्रेजीमा भन्छ) वाट ?
नोकर—साहाब, तेलको बोतल त प्वाट ।

बलराज राई, दशौं श्रेणी,

(गधामा चढ़ी घाँसको भारी बोकेको मानिसलाई देखेर एउटा पथिकले अचम्म मान्दै सोध्छ)
पथिक—किन गधामाथि आफु चढ़ेर घाँसको भारी चाहिँ टाउकोमा बोकेको ?
घाँसी—अन्त गधालाई अलिक हल्लको हुन्छ नि त ।

इन्द्र बाहादुर राई, दशौं श्रेणी 'कला'

मूर्ख तीन पल्ट हाँस्छ—
पहिले—होहोरेमा
दोस्रो—बुझेर
तेस्रो—पहिले किन हाँसेछु भनेर ।

बाबु—(झर्किंदै-) खोई म चाहिँ मरी मरी काम गर्नु पर्छ घरमा चाहिँ बसी बसी खानेहरू मात्रै छन् ।
सानो छोरो—उसो भए अब देखि बाबा तपाईं चाहिँ पिरामा बसेर खानोस् हामी सबै उठी उठी नै खान्छौ नि ल !

रूपनारायण देवान, सातौं श्रेणी 'बी'

गुरू—राम ! तँ किन पाठ राम्ररी अध्ययन गर्दैनस् हँ ? तँलाई कत्ति संझाउनु तँ पशु होस् कि के होस् ?

राम—(-अन्कनाउँदै)-
सर ! म....म मान्छे हुँ सर ।

(घरको नयाँ पाहुना, सानो नानीलाई खेलाउँदै)

पाहुना (माया गरेर)—नानी तिम्रो बाबाको नाउँ के हो ?

नानी—बाबा ।

पाहुना— आमाको नाउँ ?

नानी—आमा ।

पाहुना (जित्नलाई)—अच्छा, तिम्रो नाउँ नि त के हो ?

नानी—नाउँ ।)

(पाहुना हार खान्छ ।)

(कुनै एउटा गाउँका युवकहरू मिलेर "रामलीला" नाटक प्रस्तुत गरिरहेका छन् ।)

नाटकमा भाग लिनेहरू—

(१) राम—लिम्बू !
(२) लक्ष्मण—भोटे !
(३) सीता—नेवार !

रंगमञ्चमा (रामको वनवासको दृश्य)

राम—हेर सीते, म फाउको आज्ञा फानिरहेको छु, म फन फिर आँदै छु, तँ यहीं पस ल ।

सिता—हे नाट मलाई छाटेर नजानु होस् । मलाई पनि छाटमा लानु होस्, नाट !

राम—न जा फनेको फान्देनस्, फनमा फाग हुन्छ; फालु हुन्छ ।

लक्ष्मण—सेक्देना हो सेक्देना, एसेको लिर्द्धी संग सेक्देना । ले जा, ले जा । एउटा एमेलाई नछाड्नु ल ।

पर्दा झर्छ ।।

—गोपाल प्रसाद बाग, एकरी थर्ड क्लास 'कला'

(३१ पृष्ठको शेषांश)

२१ । तीखो दुक्लो, मीठो फल के हो ?
२२ । भित्र माला बाहिर छाला, नजान्ने तँ मेरो साला के हो ?
२३ । ध्याप्प पाइलो स्याप्प कान दइनिर पुच्छर लौ तब जान के हो ?
२४ । एक मुलुकमा बाँसको डण्डा, एक मुलुकमा कुवा, एक मुलुकमा आगो लाग्यो, एक मुलुकमा धुँवा ?

उत्तर

१ । साँघु (पुल)
२ । करेला
३ । रावण र सीता
४ । [illegible]
५ । अम्बक
६ । तारा
७ । फापर
८ । [illegible]
९ । [illegible]
१० । [illegible]
११ । गंगेटा
१२ । नाईटो
१३ । केराको घरी
१४ । छाता
१५ । जुम्रा
१६ । कमीज
१७ । सिस्नु
१८ । सेलरोटी
१९ । मही पार्नु
२० । गोरु नारेको
२१ । [illegible]
२२ । रूख कटहर
२३ । हात्ती
२४ । [illegible]

संन्धि

धने खेतबाट लखतरान् भएर आई कांधबाट फरुवा फुत्त फ्यांकी घरभित्र पस्यो । पसे मात्र के थियो धनेलाई झोंक उठ्यो । उसले घरमा पत्नीलाई देखेन । रिसले चूर भएर "यो संग चाहिँ सकिएन । घरमा कहिल्यै बसदिन । यहाँ गाई-बस्तु लाउने बेलामा घर उदाङ्गै पारी कहाँ मुन्टिई.....मुन्टिई ।" धने गनगनायो ।

धने र पुतलीको विवाह भएको आज तीन वर्ष लागिरहेछ तर तिनीहरूले परिवारको मुख देखेको छैन ।

साँझ परेको छ, चुल्हा शुन्य छ । धने फेरि रिसिन्छ । केही बेर पश्चात् —पुतलीलाई आउँदै गरेको देख्छ—धनेले । पुतलीले घरको सिकुवामा खुट्टा मात्र के टेकेथ्यो —धनेले बजाई-दियो दुइ एक झाँपट अरू पुनः बोल्न सक्दैन

—सुवास योञ्जन, सातौं श्रेणी 'ए'

धने । पुतली रुँदै गाग्री च्यापेर पँधेरातिर लाग्छे । आएर हतार-हतार खानापिना पकाएर उ धनेलाई खान बोलाउने प्रयास् गर्छे-तर त्यो साहस नै कहाँ ? दुवै मौन छ । त्यो रात त्यसै नखाई सुत्यो ती दुई प्राणी ।

मध्यरात—गाउँ शून्य छ । कुकुर भुकेको आवाज सिवाय अरू केही छैन । अचानक धनेको कानमा कुनै अज्ञात स्वर पर्छ तर बिचरा धने उठदा-नउठदा अघि नै पाँच तोलाको हारले बाटो तताइसकेको हुन्छ कहिल्यै नआउने गरी ।

दुवै अवाक—बोल्न सक्दैन क्षणभर ।

धनेको धीमा स्वर—"होस् अब नहुनु भैगो तर त्यती त हामी तिमी ईच्छा गरे कमाउँन सक्छौं नै ।

आफ्नी पत्नीको हराइसकेको उमंग सब फर्काइदियो धनेले आफ्नो वचन द्वारा ।

म हुँ सुन्यौ आजको ठिटो

प्रेम किरिङ्ग भुटिया, छैटौं श्रेणी 'ग'

म हुँ सुन्यौ आजको ठिटो,
बैज्ञानिक युगमा बड़ेको ठिटो
हर्दम नूतन ज्ञान कमाउँछु,
घरमा रंगी चंगीबात सुनाउँछु ॥

म हुँ फेरि घरको वैज्ञानिक,
आमा बाबुलाई पार्छु ठिक ।
रङ्गी चङ्गी संसारमा डुल्छु,
बाबुको पसिना घरमा भुल्छु ॥

मेरो अनुकरण बहिनी गर्छे,
भालु झैं कपाल पर पर छर्छे ।
वर-पर हिंडछे चिटिक्कै परि,
बाबु कराउँछ आगै सरी ॥

आमा सुनाउँछिन् गीता पाठ,
फिल्म संगीतको आउँछ याद ।
पाठशालामा जान्छु समय बिताउँछु,
तीन वर्षे बकील श्रेणीका म छु ॥

गुरुको अर्तीले विरक्त हुँदा,
कुखे बेंशले मलाई छुँदा ।
ठिटो हिंड़छ देश सेवामा ।
तारा पाउने एउटै धेवामा ॥

चुच्चे परिमकैको नेत्र पाउँ,
कानपुरेको बोझले बनायो घाव ।
वैज्ञानिक बनेको घरको सेठ,
पल्टनको रूटीनले पार्‍यो उदेक ॥

राइफलको बोझले काँधै खायो,
जंगल ट्रेनीङ्गले निकै सतायो ।
सिभिल छालाले काँचुली फेर्‍यो,
फौजी जीवनको पालुवा हो यो ॥

Farewell

Presentation of Scarves.

Mrs. Pradhan, Mrs. Brunton, Tom, Mr. Brunton, Grace, Rev. Turgain, Mr. Pradhan, John.

Farewell ⟶

Shri Paramhans Mishra, M. A. (Triple), Kabyatirtha

The Presentation

The reply

KALIMPONG

The Bruntons

The Presentation

सुमाइट

कालिम्पोङ

१९६९

तिरंगा प्रति

—अस्वरुल आलम सुल्तान, सातवीं श्रेणी 'सी'।

टूटते रहेंगे चमन के सितारे,
मगर यह तिरंगा लहरता रहेगा।
अभी हमने खोया है अपने जाकिर को,
कभी हमने खोया था शास्त्री व नेहरु को

जाते रहेंगे ये देश के प्यारे,
मगर यह तिरंगा लहरता रहेगा।
राजेन्द्र बाबू भी आकर गये हैं,
तिरंगा ध्वज फहराकर गये हैं।

फहरता रहेगा यह ध्वज प्यारा,
लहरता रहेगा विजय ध्वज हमारा।
[illegible] चले, भी गये,
वह देश [illegible] कर गये।

कि अब यह कभी हिलने वाला नहीं है
सूखते रहेंगे चमन के ये फूलें,
मगर यह तिरंगा लहरता रहेगा।
भारत माता तू मत घबराना।

तेरे लाल होवेंगे कुर्बान तुम पर
और बढ़ाएगे शान तुम्हारा।
टूटते रहेंगे चमन के सितारे
मगर यह तिरंगा लहरता रहेगा॥

मेरा क्या दोष

मुख्तारुज्जमा सुल्तान, आठवीं कक्षा "ब" (विज्ञान)।

देखिये भाई मैं पहले ही आप लोगों से कह देता हूँ कि इसे मत पढ़िये। मैं जनता हूँ कि आप लोगों को यह पसन्द नहीं आएगा क्योंकि मुझे तो कुछ लिखने आता है नहीं। मैं तो हिन्दी भी नहीं जानता जो कि हमारी मातृभाषा है। इसी से आप लोग अनुमान लगा सकते हैं कि मैं अंग्रेजी और नेपाली कितना जानता हूँगा। मैं कक्षा के लद्दू लड़कों में गिना जाता था। सदैव घर और स्कूल पर पिटाई खाता था। इस पिटाई से ऊब कर निश्चय किया कि मैं भी एक अच्छा लड़का बन जाऊँगा।

दूसरे दिन मैं सुबह चार ही बजे उठ बैठा। मेरे बड़े भाई की आदत थी कि वे आठ बजे उठते थे। मैंने सोचा सबसे पहले इनकी ये बुरी आदतें छुड़ाऊँ। अतः मैं दौड़ा हुआ उनके कमरे के पास जाकर कमरे के दरवाजे को पीटना शुरू कर दिया। दरवाजा पीटना था कि उनकी आँखे खुल गयी। वे क्रोध के मारे आंखे लाल करके कमरे से बाहर निकले तो दरवाजे पर मुझे पाये। मैं उन्हें देखकर डर के मारे कांपने लगा क्योंकि मुझे उनकी छड़ी याद थी। लेकिन मरता क्या न करता मैं वहाँ से भागा। परन्तु भागकर जाता कहाँ? अंत में पकड़ा गया और मेरा खूब ले दे हुई। मैं रोता हुआ वहां से भागा और अपने कमरे मे जाकर सोचने लगा—प्रारम्भ में ही मुझे पिटाई मिली। लेकिन मैं हिम्मत न हारा क्योंकि मुझे तो अच्छा लड़का बनने का धून सवार था।

मैं सोचा चलो भाई थोड़ा भगवान् को याद करलूं। इसलिये मैं हाथ मुँह धोकर एक जगह बैठकर आँख बन्दकर लिया और भगवान से प्रार्थना करना शुरू कर दिया। हे भगवान्! इतिहास के गुरु जी मुझे बहुत मारते हैं उनका बदली हो जाय। हिसाब के गुरु जी तो मुझे देख ही नहीं सकते थोड़ा होम वर्क नहीं किया तो फौरन मुर्गा बना देते हैं इसलिये हे भगवान्! उनका भी बदली हो जाय। कमलेश से झगड़ा चल रहा है, हे भगवान्! मुझे इतना शक्ति दे कि मैं उसे ऐसा मार मारूँ कि छटी का दूध याद आ जाय। इतने में मेरा कान उमेठा गया। मैं चौंका, मेरी प्रार्थना भंग हो गयी, देखा तो पिताजी मेरी कान उमेठकर बोल रहे हैं—अरे बदमाश तू यह सब भगवान से क्या मांग रहे हो। मैं उठा और वहां से भागा।

स्नान आदि से निवृत होकर सोचा कि चलो भाई माँ आज अकेली काम कर रही है। उनका भी थोड़ा हाथ बटा दूँ। मैं काम में जुट गया। वह जो काम कहती मैं फौरन ही कर डालता। माँ बोली—बेटा जाकर आलमारी से कप और प्लेट लेकर आओ मैं चाय दे रही हूँ अपने पिताजी को दे आओ। मैं चाय से भरी कप लेकर ज्यों ही चला कि देखा मेरी बिल्ली एक चुहे के पीछे दौड़ रही है। यह देख कर मुझे बहुत आनन्द आया और मैं यह भूल गया कि मेरे हाथ में कप है।

मैं भी बिल्ली के पीछे दौड़ने लगा। दौड़ना था कि कप हाथ से छूट गया, पास ही में मेरा छोटा भाई खड़ा था, उसके पैर पर जा गिरा। चाय गरम थी जिससे उसका पैर जल गया। साथ में उसे चोट भी आई। कप का तो हाल ही क्या पूछना वह तो चूर चूर हो गया।

मैं पढ़ रखा था कि अच्छा लड़का ज्यादा तड़क भड़क या साज सिंगार नहीं पसंद करता। इस लिये मैं भी उस दिन अपना स्कूल का नेकर नहीं लगाया। अपना सादा कमीज पायजामा ही पहनकर तथा सर में बगैर कंघा किये ही स्कूल चला गया। स्कूल पहुँचते ही हेड मास्टर मुझे देख लिये। मुझे देखना था कि उनका पारा गरम हो गया क्योंकि मैं कल स्कूल से भागा था और आज स्कूल का यूनीफार्म भी नहीं लगाया था। वे त्योरियाँ चढ़ाकर पता नहीं इंग्लिश में क्या-क्या कहने लगे। मुझे तो कुछ समझ में आता नहीं था सिर्फ यस नो करता जाता था। वहां पर बहुत से स्कूल के लड़के इकट्ठे हो गये। मुझे बहुत शर्म हुई। मैं सर नीचे किए हुए चुपचाप खड़ा रहा। कोई पंद्रह मिनट बाद मुझे किसी तरह छुट्टी मिली तो मैं सीधे अपने क्लास में चला आया।

थोड़ी देर के बाद गुरुजी आये। मैंने पढ़ा था कि जहाँ कहीं गुरुजी मिले उन्हें प्रणाम करनी चाहिये, अतः मैं झट उठकर बोला प्रणाम गुरुजी। थोड़ी देर बाद वही गुरुजी फिर मिले। मैं बोला प्रणाम गुरुजी। जब इन्टरभल हुआ तो वह गुरुजी फिर मिले, मैं बोला प्रणाम गुरुजी। फिर वे थोड़े देर बाद क्लास में आये मैं फिर बोला प्रणाम गुरु जी। इस बार वे गुस्सा हो गये। आंखे लाल करके बोले तुम को मजाक लगी है खड़े हो जाओ बेंचपर। मैं चुपचाप सिर नीचा करके खड़ा हो गया। यह देखकर कितने लड़के हँसने लगे। उन लोगों को हंसते देखकर मुझे बहुत क्रोध आया। मैं बेंच से उतरकर एक को दो तीन मुक्का जमा दिया। गुरुजी तो मुझपर पहले से ही कोचिन थे और यह देखकर उनका क्रोध और बढ़ गया, बोले निकल जाओ क्लास से बाहर। मैं चुपचाप अपना खाता किताब उठाया और घर की तरफ चल दिया।

रास्ते में सिर झुकाये अपना दिनभर के करतूतों पर सोचता चला आ रहा था कि एक औरत से टक्कर गया। वह मुझे गाली देने लगी। दो तीन आदमी और आ गये। सभी मुझे बुरा भला कहने लगे। मैं लज्जा के मारे सिर नीचा करके वहां से भागा और घर चला गया।

मैं तो पहले ही आप लोगों से बता दिया हूँ कि इसे मन पढ़िये। अब बताईये इसमें मेरा क्या दोष? मैंने तो अच्छा लड़का बनने की कोशिश की लेकिन उसके बदले मिला क्या? पिटाई, कान उमेठा गया, बेंच पर खड़ा होना पड़ा, क्लास से बाहर निकाला गया तथा औरत से गाली सुननी पड़ी। इतना दुःख झेलने पर भी मैं हिम्मत न हारा और अन्त में मेरी तपस्या पूर्ण हुई, मैं एक अच्छा लड़का बन गया।

कोई भी अच्छा काम करने में अनेकों तरह की बाधायें आती हैं। किन्तु हिम्मत नहीं हारनी चाहिये बल्कि धैर्य से काम लेनी चाहिये, दूनी उत्साह से करते रहना चाहिये। हां भाई लेकिन मेरे जैसा नहीं, गुरुजी को दिन में एक बार प्रणाम करना

चाहिये अगर कोई बड़ा कोई काम कहे तो सबसे पहले उसके काम को कर लेना चाहिये उसके बाद खेलना चाहिये, सड़क पर सिर नीचे करके नहीं चलना चाहिये, सदैव अपना स्कूल का यूनीफार्म पहन कर स्कूल जाना चाहिये।

ऐ वतन

मजूरुल आलम सुल्तान, दशवीं कक्षा (विज्ञान)।

तेरी धरती को झुक-झुक के चूमें गगन्
जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन
तेरी माथे पर हिमालय है शोभायमान्
जिसका पर्वतों में सबसे ऊँचा है मान

तेरी चरणों को धोवे हिन्द सागर की धार
जिसका पाना कठिन है आर व पार
तेरी गोदी में खेलती हैं गंग व जमन
जिनके मैदान में होता है बहुत अन्न उत्पन

जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन
तेरी कृष्णा व कावेरी गोदावरी
जो हैं बहती सदा स्वच्छ जल से भरी
मध्य में है खड़ा विन्ध्याचल अटल

जिसके गोदी से निकला है नर्मदा व ताप्ती का जल
पश्चिमी व पूर्वी घाट के है मैदान
जिनको दोनों तरफ हैं बंगाल खाड़ी व अरब सागर महान
जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन

तेरी कश्मीर की शोभा जन्नत नुमा
जिस में सृष्टि की सब सुन्दरता है रमा
जिसको लेने के खातिर हैं शत्रु बेचैन
पर हम कभी लेने न देंगे उन्हें यह चमन

यह है ताजे वतन यह है ताजे वतन
जहाँ बहता है सदैव ठंडा पवन
जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन

तेरी पंजाब, हरियाना व राजस्थान
जिनके वीरों का होता सर्वदा गुणगान
तेरी यू० पी० एम० पी० व गुजरात से शान
जहाँ जन्में थे एक दिन नेहरू व गान्धी महान
तेरी दिल्ली को इतिहास किया है गहन

जिसको भूलेगा कभी नहीं यह भुवन
जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन
तेरी आसाम, बंगाल, बिहार व मैसूर
जिनका है नाम सदा से मशहूर

तेरी महाराष्ट्र, आन्ध्रा व मद्रास
जिनके गुण गाथा से है भरा इतिहास
तेरी उड़ीसा केराला व अण्डमन्
जिनका मैं यहाँ कर नहीं सकूता वर्णन

जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन
शान्ति व अहिंसा ही इसकी है शिक्षा महान्
जिसका करता है आदर सारा जहान,
प्राण देंगे मगर मिटने न देंगे हम आन

देश के खातिर हम होजावें एक बन्धु
रखें ऊँचा तिरंगा को मिलकर हम सभी बन्धु
बस यहीं खत्म होती है मेरी कथन्
जिन्दाबाद ऐ वतन जिन्दाबाद ऐ वतन॥

संध्या का आगमन

ले०—दामोदर शर्मा, ग्यारहवीं श्रेणी (विज्ञान)।

